का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ फागुन २०८२
बिहीबार
5 March 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २४, अंक ४२। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## विशेष सम्पादकीय

### जनताले शक्ति देखाउने दिन

आज मध्यावधि निर्वाचन । जेनजी आन्दोलनबाट उत्पन्न नयाँ परिस्थितिमा हुन लागेको निर्वाचनलाई अरू आवधिक चुनावभन्दा भिन्न महत्वका साथ हेरिएको छ । जेनजीले भ्रष्टाचार नियन्त्रण र सुशासनका साथै सार्वजनिक सेवा प्रवाहमा सहजता खोज्दै आन्दोलन गरेका थिए । यसका निम्ति कस्ता प्रतिनिधि छान्ने, कस्तो संसद् बनाउने र कस्तो सरकार गठन गर्ने भन्ने निर्णय यही दिनबाट सुरू हुन्छ । संघीय सांसद छान्नु एउटा व्यक्ति छान्नु मात्र होइन, पाँच वर्षका लागि आफ्नो राजनीतिक प्रतिनिधि छान्नु हो । नेपालको संविधानमा 'नो भोट' वा सांसदलाई बीचमै फिर्ता बोलाउने कानुनी व्यवस्था छैन । त्यसैले मतदाताले मत दिएर पुरै पाँच वर्ष कार्यकालको जिम्मेवारी सुम्पिनुपर्छ । यस्तोमा मतदाता सचेत बन्नैपर्छ । उम्मेदवारको विगत, उसको इमान्दारिता, सार्वजनिक छवि, क्षमता र प्रतिबद्धताका साथै सम्बन्धित दलको नीति हेरेर मतलदानको निर्णय लिनुपर्छ । लहर, लहड, भिडको प्रभाव वा परम्परागत निष्ठाको नाममा मात्र मतदान गर्नु आफ्नै भविष्यसँग खेलवाड गर्नुजस्तै हो ।

नेपालमा हरेक आन्दोलनपछि नयाँ परिवर्तन भएका छन् । अहिलेको राजनीतिक यात्राको आधार २०६२/६३ को जनआन्दोलन हो । लोकतन्त्र, गणतन्त्र र संघीयताको स्थापनासँगै जनताको जीवनस्तर उकास्ने ठुलो अपेक्षा जोडिएको थियो । केही सुधारका काम भए पनि सुशासन, प्रणाली विकास र जनजीविकामा अपेक्षाकृत परिवर्तन हुन सकेन भन्ने आमगुनासो छ । तिनै असन्तुष्टि र निराशाकै विष्फोटका रूपमा गत भदौ २३ र २४ मा जेनजी आन्दोलन भएको मानिन्छ ।

यसकारण शासन व्यवस्था बदल्नु मात्र आन्दोलनको उद्देश्य हुँदैन् । जेनजी आन्दोलनले अहिलेकै शासन व्यवस्थाभित्र सुशासन, रोजगारी र सुव्यवस्थाको माग गरेको छ । अराजक अनेक समूहको घुसपैठले ठूलो मानविय तथा भौतिक क्षति बेहोर्नुपरे पनि नयाँ पुस्ताले अगुवाई गरेको सो आन्दोलनको उद्देश्य पवित्र थियो भन्नेमा कसैको विमति छैन । त्यो उद्देश्य पूरा गर्न आमनागरिकले दैनिक जीवनमा अनुभूत गर्ने सुधारको खाँचो छ ।

नेपालमा सांसदको भूमिकाबारे अझै भ्रम छ । सांसदको मुख्य काम नीति, नियम र कानुन निर्माण गर्नु, सरकारलाई निगरानी गर्नु र जनताको आवाज संसदमा उठाउनु हो । तर उम्मेदवारहरूले यसपटक पनि बाटो, पुल, भवन बनाउने आश्वासन बाँडेका छन् । मतदाताले पनि सांसदको अधिकार क्षेत्र बुझेर अपेक्षा राख्नुपर्छ । किनकी, सांसदले कानुन बनाउँछ, भ्रष्टाचारविरूद्ध आवाज उठाउँछ र पारदर्शिता सुनिश्चित गर्न नीतिगत पहल लिन्छ । यसकारण मतदाता सचेत हुनुपर्छ– एउटा निर्णयले प्रतिनिधिसभाको एक कार्यकालभर पछुतो नहोस् । त्यसैले भावनाभन्दा विवेक प्रयोग गरौं । नाराभन्दा काम र पद्दतीको मूल्यांकन गरौं । भरपर्दो, विश्वसनीय र आशालाग्दो प्रतिनिधि छानौं र देशलाई स्थिरता, सुशासन र सकारात्मक परिवर्तनतर्फ अघि बढाऔं ।

## प्रतिनिधिसभा निर्वाचन आज




# असन्तोषको वैधानिक अवतरण

भदौ २३ र २४ मा भएको जेनजी आन्दोलन शासन सत्तामा रहेका व्यक्तिहरूको व्यवहार र नीतिप्रतिको असन्तोष थियो । त्यसलाई चुनावको माध्यमबाट मतदाताले वैधानिक अवतरण गराउँदैछन् ।

**रूपेश आचार्य/मध्यान्ह**
काठमाडौं, २० फागुन

आफूले रोजेको जनप्रतिनिधिमार्फत शासन सञ्चालन गर्न पाउने जनअधिकारको मुख्य अभ्यास मानिएको प्रतिनिधि सभा निर्वाचन २०८२ अन्तर्गत बिहीबार देशभर मतदान हुँदैछ । यो निर्वाचन देशको लोकतान्त्रिक प्रणाली अन्तर्गत नवौं र वर्तमान संविधान जारी भएपछिको तेस्रो प्रतिनिधि सभा सदस्य निर्वाचन हो ।

मतदानको पुर्वसन्ध्यामा बुधबार निर्वाचन आयोगद्वारा बुधबार आयोजित पत्रकार सम्मेलनमा देशका १ सय ५६ वटै निर्वाचन क्षेत्रअन्तर्गतका १० हजार ९ सय ६७ निर्वाचनस्थलका २३ हजार १ सय १२ मतदान केन्द्रमा बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने जानकारी दिइयो ।

निर्वाचनमा देशभर गरी कुल १ करोड ८९ लाख ३ हजार ६ सय ८९ जना मतदाताले पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) र समानुपातिक प्रणालीका लागि मताधिकार प्रयोग गर्न पाउने छन् । जसमध्ये ९६ लाख ६३ हजार ३ सय ५८ जना पुरुष र ९२ लाख ४० हजार १ सय ३१ जना महिला रहेका छन् । निर्वाचनबाट प्रतिनिधि सभाका लागि प्रत्यक्षतर्फ १ सय ६५ र समानुपातिक तर्फ १ सय १० गरी कुल २ सय ७५ जना सदस्य निर्वाचित हुनेछन्

निर्वाचनमा यसपटक प्रत्यक्षतर्फ कुल १ एक सय ६५ निर्वाचन क्षेत्रमा ६५ राजनीतिक दलका २ हजार २ सय ६३ र १ हजार १ सय ४३ वना स्वतन्त्र गरी कुल ३ हजार ४ हजार ६ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । जसमध्ये ३ हजार १७ जना पुरुष र ३ सय ८८ जना महिला उम्मेदवार छन् । अन्यबाट समेत १ जनाको उम्मेदवारी परेको छ । समानुपातिकतर्फ भने कुल ६३ दलबाट ३ हजार १ सय ३५ जनाको उम्मेदवारी छ ।

पत्रकार सम्मेलनमा बोल्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मतपेटिका, मत पत्र लगायतका आवश्यक निर्वाचन सामग्रीहरु सबै निर्वाचन केन्द्र पुर्‍याइसकिएको बताए । 'सबै निर्वाचन क्षेत्रमा मतदाताको लाइन अपांग, महिला र जेष्ठ नागरिकका लागि विशेष व्यवस्था लगायतका सबै अन्तिम तयारी पूरा भइसकेका छन्', उनको भनाई थियो । मतदाताले शान्तिपूर्वक आफूले चाहेको उम्मेदवारलाई पृष्ठ २ मा

### गणना सुरु भएको २४ घण्टामै नतिजा

पत्रकार सम्मेलनमा मत पेटिका संकलन सकेसम्म छिटो मतगणना स्थलमा ल्याउन हरसम्भव प्रयास गरिएको जानकारी समेत दिइयो । त्यसका लागि विकट मतदान केन्द्रबाट हेलिकप्टरमा मतपेटिका ल्याउने व्यवस्था मिलाएको बताउँदै कार्यबाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले प्रत्यक्षतर्फ मतगणना सुरु भएको २४ घण्टा भित्र परिणाम सार्वजनिक गरिने बताए । विशेष परिस्थितिमा भएको निर्वाचन भएकोले अधिक सक्रियता आवश्यक भएकोमा आयोग सचेत रहेको भनाई पनि उनको थियो ।

मतदान पछि मतपेटिकामा सबै उम्मेदवारको चिन्ह अंकित लाह छाप लाग्ने बताउँदै उनले त्यसपछि सेनाले ल्याउने नभई दुर्गम स्थानका मतपेटिका गणनास्थलमा ल्याउन चाहीँ सेनाको हेली कप्टर प्रयोग गर्न खोजिएको भनाइ उनको थियो । 'सेनाको हेलीकप्टर सेवा विश्वनीय भएकोले यसो गर्न लागिएको हो', उनले थपे । त्यसैगरी समानुपातिक प्रणालीतर्फको मतगणना समेत सँगसँगै गरिने भएकोले त्यसको पनि छिटै परिणाम आउने भण्डारीले बताए ।

### दुर्गममा हेलिकप्टरबाट मतपेटिका पुर्‍याइयो, संकलन पनि हेलीबाटै

आयोगका सचिव कृष्ण बहादुर राउतले अत्यन्त विकट मानिएका डोल्पा जिल्लाका २३ र हुम्ला जिल्लाका ४ वटा निर्वाचन क्षेत्रमा हेलीकप्टरबाट मत पेटिका र मतपत्र लगायतका सामग्री पुर्‍याइएको जानकारी दिए ।

मतदान सम्पन्न भइसकेपछि पनि देशका विभिन्न १५ जिल्लाका ६१ वटा दुर्गम स्थानबाट मतपेटिका संकलन गर्न हेलिकप्टरकै प्रयोग गरिने जानकारी उनले दिए

'हुम्ला र डोल्पा जिल्लाको जम्मा २३ वटा डोल्पाको र ४ वटा हुम्लाको गरेर २७ वटा स्थानमा हेलिकप्टरबाटै मतपत्र र ब्यालेटदेखि लिएर कर्मचारी र सुरक्षाकर्मीहरू पठायौं । त्यसमा अब १५ अरु थप १५ जिल्लाहरूको ६१ स्थानबाट यो मतदान केन्द्र धेरै हुन्छन् तर ६१ स्थानबाट ताप्लेजुङ्गदेखि दार्चुलासम्मका ६१ स्थानबाट यो मतदान पछाडिको ब्यालेट बक्सहरू हेलिकप्टरबाट संकलन हुन्छ,' उनले थपे । सम्बन्धित प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा ७७ वटै जिल्लाका निर्वाचन क्षेत्रमा मतपेटिका ढुवानीको व्यवस्था मिलाइ सकिएको जानकारी पनि उनले दिए ।

## वैदेशिक रोजगार विशेष

### विदेशमा रहेका २१ लाख बढी नेपाली मतदानबाट वञ्चित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० फागुन

नेपालको संविधान २०७२ को व्यवस्था र सर्वोच्च अदालतका पटकपटकका आदेशका बाबजुद यसपटकको निर्वाचनमा विदेशमा रहेका २१ लाख बढी नेपाली बिहीबार हुने मतदानबाट वञ्चित भएका छन् ।

मतदानका लागि नेपाल फर्कन सक्ने अवस्थाका केही इजरायल, अमेरिका र इरानबीचको युद्धका कारण बीच बाटोमा नै अलपत्र परे । निर्वाचन आयोगका अनुसार यसपटक १ करोड ९० लाख ५ हजार ३२४ रहेको छ । जनगणना २०७८ को नतिजाअनुसार २१ लाख ६९ हजार ४७८ युवाशक्ति नेपालको परिवारबाट अनुपस्थित छ । २१ लाख बढी मतदाता पृष्ठ २ मा

### मध्यपूर्व तनाव लम्बिनेमा चिन्ता

काठमाडौं/मस- मध्यपूर्वमा विकसित परिस्थितिलाई ध्यान दिँदै परराष्ट्र मन्त्रालयले सञ्चालनमा ल्याएको पोर्टललाई खाडी क्षेत्रका विभिन्न दूतावासले आवश्यक प्रचारप्रसार र समन्वय गरेका छन् ।

नेपाली दूतावास रियादले नेपालीको नाम दर्ताका लागि पोर्टल सञ्चालनमा ल्याएको जानकारी दिँदै आवश्यक सूचना उपलब्ध गराउन नेपाली श्रमिकलाई आग्रह गरेको छ । दूतावासका अनुसार नेपाली नागरिकको अवस्थासम्बन्धी तथा आवश्यक पृष्ठ २ मा

## तत्काल एक्सनमा जाने गरी बाक्लो सुरक्षा

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २० फागुन

देशका १ सय ६५ निर्वाचन क्षेत्रमध्ये मुलुकलाई निर्वाचनसम्म ल्याइ पुर्‍याउने पछिल्लो राजनीतिक घटनासम्बद्ध दुई प्रमुख पात्र प्रतिस्पर्धी झापा क्षेत्र नम्बर ५ मा सर्वाधिक सुरक्षा सतर्कता अपनाइएको छ । सो क्षेत्रमा पूर्वप्रधानमन्त्री एवं नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र काठमाडौं महानगरका पुर्वप्रमुख बालेन्द्र शाहबिच मुख्य प्रतिस्पर्धा हुने आँकलन गरिएको छ ।




देशी विदेशी चासो र सुरक्षाका दृष्टिले समेत 'अति संवेदनशील क्षेत्र'मा वर्गिकरण गरिएको झापा ५ अहिले निर्वाचनको इपिसेन्टर सरह बन्न पुगेको छ । जिल्ला प्रहरी कार्यालय झापाकी प्रमुख बसुन्धरा खड्काका अनुसार, उक्त निर्वाचन क्षेत्रमा प्रहरीका एसएसपी, एसीपीलगायत उच्च सुरक्षा अधिकारी खटिएका छन् । 'अहिले सबैको ध्यान खिच्ने क्षेत्र भएकाले यसलाई अति संवेदनशील क्षेत्रको रूपमा वर्गीकरण गरेका छौं र सोहीअनुसार सुरक्षा रणनीति बनाइएको छ', उनले भनिन् । यस पटक झापा ५ मा २ सय ५० भन्दा बढी सैनिक परिचालन गरिएको छ । सैनिक पृष्ठ २ मा

> चारवटा बख्तरबन्ध गाडीसहितको सेना टोली, हवाई गस्ती, प्रहरी र सशस्त्रका उच्चपदाधिकारी त्यहीँ खटिएका छन् ।

**तनाव व्यवस्थापनका तरिका**

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

**तनाव व्यवस्थापन गरौं**
**स्वस्थ्य जीवन बाचौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
www.madhyanhadaily.com
२१ फागुन २०८२ बिहीबार
5 March 2026 Thursday

# ६ वटामध्ये एउटा सक्कल परिचयपत्रले मतदान गर्न पाइने

**काठमाडौं/मस**–निर्वाचनमा मतदान गर्न मतदाता परिचयपत्र वा त्यसको विकल्पमा अन्य पाँच प्रकारका कागजातका आधारमा मतदान केन्द्र प्रवेश गर्न सकिने आयोगले स्पष्ट पारेको छ ।

मतदाता परिचयपत्रको सक्कल प्रति नभएमा नेपाली नागरिकता, सवारी चालक अनुमतिपत्र, राहदानी, राष्ट्रिय परिचयपत्र वा जग्गा धनी प्रमाण पूर्जाको सक्कल प्रतिमध्ये कुनै एकले मतदान गर्न पाइने आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले बताए ।

मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई निर्वाचन अधिकृतको कार्यालयले प्रशिक्षण दिएपछि केन्द्रमा खटिने अरु कर्मचारीलाई मतदान अधिकृतले प्रशिक्षण दिएर खटाइएको आयोगले जनाएको छ ।




प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १ सय ६५ निर्वाचन क्षेत्रमा कूल दुई लाख २१ हजार कर्मचारी खटिएका छन् । ७७ जिल्लाका १ सय ६५ निर्वाचन क्षेत्रका २३ हजार १ सय १२ केन्द्र र समानुपातिकमा मात्र मत हाल्ने १ सय ४३ अस्थायी केन्द्रमा ती कर्मचारी खटाइएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले बताए ।

उनका अनुसार ५ सय भन्दाबढी मतदाता भएका केन्द्रमा नौ जना र ५ सय भन्दा कम मतदाता भएका केन्द्रमा आठ कर्मचारी खटाउने व्यवस्था मिलाइएको छ ।

जिल्ला आचारसंहिता अनुगमन समितिले आवश्यक व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २४ तथा निर्वाचन आचारसंहिता २०७९ को दफा १७ र १८ बमोजिम निषेध गरिएका कार्य हुन नदिने र कहीँकतै भए गरेको पाइएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउन आयोगले भनेको छ ।

मतदानको मितिभन्दा सात दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध लगाउन आयोगले निर्देशन दिएको छ । मतदानको दिनमा अत्यावश्यक सेवाका सवारी साधन (एम्बुलेन्स, दमकल, शववाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मत, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने सवारीसाधन), कूटनीतिक निकायका सवारीसाधन र निर्वाचनको दिनमा प्रयोग गर्ने गरी पास प्राप्त गरेका सवार ीसाधनबाहेक अन्य सार्वजनिक तथा निजी सवारीसाधन यही फागुन २० गते राति १२ बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाइने भएको छ । मतदानको दिन अन्तरराष्ट्रिय तथा आन्तरिक हवाई उडान यथावत् सञ्चालनको व्यवस्था मिलाइएको छ । अन्तरराष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुलाई विमानस्थलदेखि घर/बसोबास गर्ने होटलसम्म र घर/बसोबास गर्ने होटलदेखि विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिने व्यवस्था भएको छ ।

निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०८२ अनुसार निर्वाचन मितिभन्दा ७२ घण्टाअघिदेखि सम्बन्धित जिल्लाका अन्तरराष्ट्रिय सीमा नाका बन्द गर्ने व्यवस्था मिलाउने सम्बन्धमा उपयुक्त व्यवस्था मिलाउन नेपाल सरकार, गृह मन्त्रालयलाई सिफारिस गरिएको सहायक प्रवक्ता न्यौपानेले बताए । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि आयोगले ४१ संस्थालाई पर्यवेक्षण अनुमति प्रदान गरेको जनाएको छ । आयोगले अनुमतिप्राप्त संस्थाका करिब पाँच हजार पर्यवेक्षकका लागि परिचयपत्र जारी गरिसकेको जनाएको छ ।

# ‘एकीकृत सुरक्षा योजनाअनुसार नेपाली सेना परिचालित छ’

**काठमाडौं/मस**–नेपाली सेनाले सरोकारवाला सबै निकायसँग आवश्यक समन्वय र सहकार्यका साथ निर्वाचन सुरक्षासम्बन्धी कार्य गरिरहेको स्पष्ट पारेको छ । सेनाद्वारा बुधबार जारी एक अपिलमा आसन्न निर्वाचनलाई सुरक्षित रूपमा सम्पन्न गर्न एकीकृत सुरक्षा योजनाअनुसार सेना परिचालित भइरहेको जनाइएको छ ।



निर्वाचनलाई निष्पक्ष र भयरहित तवरले सम्पन्न गराउन सबै सुरक्षा अंग एवं सरोकारवाला निकाय एकीकृत र समन्वयात्मक ढंगले कार्य गरिरहेको अवस्थामा प्रसारित अतिरञ्जित सामग्रीप्रति गम्भीर ध्यानाकर्षण भएको सेनाले जनाएको छ । सुनियोजित ढंगबाट प्रसारित त्यस प्रकारका भ्रामक सूचनामा विश्वास नगर्न/नगराउन जनसमुदायमा सेनाले अपिल गरेको छ ।

# नुवाकोटमा आचारसंहिता उल्लंघनको आरोपमा एमाले नेता पक्राउ

**पूर्ण लामा/मध्यान्ह**
नुवाकोट, २० फागुन

नुवाकोटको तारकेश्वर गाउँपालिका-६ मा निर्वाचनको मौन अवधि सुरु भइसकेको अवस्थामा आचारसंहिता विपरित प्रचार गरेको आरोपमा नेकपा एमालेका वडा अध्यक्ष गोपी रिमाल (रामेश्वर रिमाल)पक्राउ परेका छन् । स्थानीयले नियन्त्रणमा लिइ रिमाललाई प्रहरी समक्ष बुझाएको घटना सार्वजनिक भएको हो ।



स्थानीयका अनुसार बुधबार साँझ करिब ६ बजेतिर तारकेश्वर-६ को डाँडाखर्क, डाँडे गाउँ क्षेत्रमा मतदातालाई प्रभावित पार्ने उद्देश्यले प्रचार गतिविधि गरिएको भन्दै विवाद उत्पन्न भएको थियो । सो क्रममा केही सामान्य हातपात समेत भएको बताइएको छ ।

उक्त घटनापछि स्थानीय युवा समूह तथा हिमालचुली युवा क्लबका सदस्यहरूले रिमाललाई नियन्त्रणमा लिइ प्रहरीलाई खबर गरेका थिए । पछि उनलाई प्रहरीको जिम्मा लगाइएको जनाइएको छ ।

स्थानीय बासिन्दाहरूले मौन अवधिमा गाउँमा यस प्रकारको गतिविधि हुनु आचारसंहिता विपरीत भएको बताएका छन् ।

यस घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मीको निधनप्रति शोक व्यक्त

**काठमाडौं/मस**–प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारी र व्यवस्थापनका क्रममा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीहरूको निधन भएको घटनाप्रति निर्वाचन आयोगले दुःख व्यक्त गरेको छ ।

निर्वाचनको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कार्यक्षेत्रमा खटिएका राष्ट्रसेवकहरूको निधनले आयोगलाई स्तब्ध बनाएको बताए । मतदान प्रक्रियाको तयारीका सिलसिलामा देशका विभिन्न भागमा केही दुःखद् घटनाहरू भएका उनले बताए ।

उनकाअनुसार रामेछाप जिल्लामा निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी र निर्वाचन सामग्री लिएर मतदान केन्द्रतर्फ जाँदै गरेको सवारी साधन दुर्घटनामा पर्दा सुरक्षाकर्मी र मतदान अधिकृतको ज्यान गएको छ । त्यसैगरी, आफ्नो कार्यक्षेत्रमै अहोरात्र खटिएको अवस्थामा सर्लाही र मुस्ताङ जिल्लामा मतदान अधिकृतहरूको निधन भएको छ भने कञ्चनपुरमा एक जना निर्वाचन प्रहरीले ज्यान गुमाएका छन् । लोकतान्त्रिक महायज्ञलाई सफल पार्न आफ्नो ज्यानको बाजी लगाएर कर्तव्य पालन गर्ने क्रममा उनीहरूको निधन भएको उनले बताए ।

निर्वाचन सामग्री ढुवानी र व्यवस्थापनका क्रममा भएका दुर्घटनामा परी घाइते भएका सम्पूर्ण कर्मचारी तथा सुरक्षाकर्मीहरूको स्वास्थ्य लाभको कामना समेत आयोगले गरेको छ । विषम परिस्थिति र कठिन भूगोलका बाबजुद पनि राष्ट्रसेवक कर्मचारी र सुरक्षा निकायले देखाएको समर्पणले नै निर्वाचन सम्भव भएको भन्दै उनीहरूको योगदानको आयोगले उच्च मूल्यांकन गरेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बर्ता र

# साउदीको जेद्दामा नेपाली कामदार बेपत्ता

**अन्जान गुभाजु/मध्यान्ह**
जेद्दा, साउदी अरब, २० फागुन

साउदी अरबको जेद्दा क्षेत्रमा कार्यरत एक नेपाली युवक सम्पर्कविहीन भएका छन् । महावाणिज्यदूतावास जेद्दाका अनुसार गत २७ फेब्रुअरी २०२६ देखि मोरङ जिल्लाको लेटाङ नगरपालिका-२ घर भएका २५ वर्षीय अनिश राई सम्पर्कविहीन छन् ।

वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरबको जेद्दास्थित अल खुम्राह क्षेत्रमा बसोबास गर्दै आएका उनी सम्पर्कविहीन रहेको जानकारी उनको परिवारले दूतावासलाई दिएको थियो ।



दूतावासले उपलब्ध गराएको विवरणअनुसार राईको उचाई करिब ५ फिट ५ इन्च र तौल करिब ५० केजी रहेको छ ।

उनका बारेमा कुनै जानकारी वा सूचना प्राप्त भएमा साउदी अरबमा रहेका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीलाई महावाणिज्यदूतावास जेद्दामा जानकारी गराइदिन अनुरोध गरिएको छ ।

---

सेनाको प्रत्यक्ष संलग्नतामा मतगणना स्थलको व्यवस्थापन गरिएको छ । मतपेटिका ढुवानीका क्रममा सेनाले नछोइकन केवल ‘स्कर्टिङ र पिकेटिङ’ मार्फत सुरक्षा प्रदान गर्नेछ। दमकको अर्ग्यानिक कृषि भवनमा हुने मतगणना स्थलमा अन्तिम नतिजा नआएसम्म सेनाले चौबीसै घण्टा पहरा दिने योजना बनाएको छ ।

मतगणना विथोल्न नसक्ने गरी मतगणनास्थलको व्यवस्थापन गरिएको छ । तार जालीको घेरा भित्र कर्मचारीले मतगणना गर्ने हुँदा उम्मेदवारका प्रतिनिधिले मत पत्र छुन पाउँदैनन्, हेर्न मात्र सक्छन् । अन्य मतगणनास्थलमा जस्तै त्यहाँ पनि सिसिटिभि जडान गरिएको छ ।

सेनाले समेत अन्तिम मत परिणाम नआइन्जेलसम्म मतगणना स्थलको पहरा दिनेछन् । निर्वाचन सुरक्षालाई प्रभावकारी बनाउन नेपाली सेनाको चारआलीस्थित अरिदमन गणका सेनानी सुरेन्द्र योगीको कमाण्डमा पीओबी टोलीहरु खटाइएका छन् । यस अन्तर्गत दमक, गौरादह, तोपगाछी र गौरीगञ्जमा चारवटा पीओबीहरू स्थापना गरिएका छन् ।

---

## असन्तोषको...

मतदान गर्न पाउने गरी भरपर्दो सुरक्षा व्यवस्था गरिसकिएको जानकारी पनि उनले दिए । निर्भयपूर्वक मतदानका लागि विशेष अपिल गर्दै भण्डारीले आसन्न निर्वाचन भदौ २३ र २४ गते भएको नवयुवाहरूको विद्रोहपछि विकसित विषम परिस्थितिमा सम्पन्न हुन गइरहेको यो आकस्मिक प्रतिनिधि सभा सदस्य निर्वाचन भएको उल्लेख गरे । ‘यसले नेपालको संविधान र संघीय लोकतान्त्रिक व्यवस्थालाई अझै सुदृढ एवं परिपक्व बनाउने विश्वास मैले लिएको छु’ उनको भनाई छ ।

**सेना बाहिरी घेरामा मात्रै**

मतदान स्थलमा अघिल्ला निर्वाचन जस्तै एकिकृत सुरक्षा योजना अपनाइएकोले ‘सेनाले नै मतपेटिका ओसार्ने’ भन्ने जस्ता समाचार आधार हिन भएको पनि प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए । ‘ विगतमा जस्तै मतदान स्थलको सबै भन्दा बाहिरी घेरामा मात्र नेपाली सेना रहन्छ । त्यसपछि सशस्त्र बल र केन्द्रमा नेपाल प्रहरीले सुरक्षा गर्छ ’, उनले थपे। आयोगका सचिव कृष्णबहादुर राउतले अघिल्ला निर्वाचनको अनुभव र अहिलेको सुरक्षा विश्लेषणका आधारमा ३ हजार ६ सय ८० मतदान केन्द्र अतिसंवेदनशिल, ४ हजार ४ सय ४२ वटा संवेदनशिल र २ हजार ८ सय ४५ सामान्य संवेदनशिल केन्द्रका रुपमा विश्लेषण गरी सुरक्षाको व्यवस्थापन गरिएको जानकारी दिए ।

**टिकटकसँग एमओयू र मेटासँग सहकार्य**

सम्मेलनमा निर्वाचनका सन्दर्भमा आम सञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत आउने अफवाह पूर्ण समाचार तथा सूचना नियन्त्रणका लागि प्रेस काउन्सिल, नेपाल दुरसुञ्चार प्राधिकरण र नेपाल प्रहरीको साइबर ब्यूरोको विशेष सहयोग लिइएको जानकारी पनि सचिव राउतले दिए ।

यसै गरी सामाजिक सञ्जालमा हुने गलत सम्प्रेषण रोक्न टिकटकसँग सम्झौता( एमओयु) नै गरिएको र मेटासँग पनि सहकार्य गरिएको जानकारी पनि राउतले दिए । ‘ टिकटकले सुरु देखिनै सहयोग गरेको थियो भने मेटाले पछिल्लो समय भोटर्स इन्फर्मेसन युनिट नै खोलेर यो काममा सघाएको छ’, उनले बताए ।

**‘यथार्थ लुकाउँदा उम्मेदवारी खारेज’**

निर्वाचनको पुर्वसन्ध्यामा राष्ट्रिय स्वतन्त्र पार्टीका धनुषा क्षेत्र न. १ का उम्मेदवार किशोरी साहको उम्मेदवारी खारेज भएको बारे सञ्चारकर्मीको प्रश्नमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले उम्मेदवारी मनोनयनकै बेला उम्मेदवारले आफ्नो सबै तथ्यगत विवरण स्वघोषणाका रुपमा निर्वाचन अधिकृतसमक्ष नगरेका कारण समस्या आएको बताए । ‘कुनै उम्मेदवारले सत्य ब्यहोर लुकाएर लेखिदिनु भयो भने त्यो छानबिनको विषय बन्न भनेकै थियौं । अहिल उहाँको विरुद्ध उजुरी परेपछि छानबिन गर्नै पर्ने भयो’, उनले भने । सम्बन्धित निकायमा पत्र आदन प्रदान गर्दा रास्वपा उम्मेदवार साह २०७९ साल देखि नै कर्जा प्रवाह गर्ने निकायहरुको कालो सूचिमा रहेको पाइएको जानकारी पनि उनले दिए । कारबाही अघि साहलाई सफाई तथा कालोसूचिमा नभएको प्रमाण पेश गर्ने समय दिइएको उनले बताए ।

निर्वाचनका लागि विश्वव्यापी प्रचलन अनुसार अन्तर्राष्ट्रिय पर्यवेक्षकलाई आमन्त्रण गरिएको र निर्वाचनको पुर्व सन्ध्यामा सम्बन्धित सबै जानकारी गराइएको समेत कार्यबाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले दिए । मतदानका दिन उनीहरुले पर्यवेक्षण गर्ने र निर्वाचन स्वच्छ र स्वतन्त्र भए नभएको प्रतिवेदन उनीहरुले दिने जानकारी पनि उनले दिए ।

**नगदी कारोबारमा सून्य सहनशिलता**

भण्डारीले निर्वाचन आचार संहिता तथा निर्वाचन कसुर तथा सजायँ सम्बन्धी ऐन उलंघन गरेका कारण केही उम्मेदवार तथा तिनका सहयोगी पक्राउ परेको बताए । निर्वाचन कानुन तोड्नेलाई क्षेत्राधिकार अनुसार आयोग, स्थानीय प्रशासन र अदालती कारबाही समेत हुने भनाइ प्रमुख आयुक्तको थियो । ‘नगदी कारोबारको विषयमा भने आयोगले सून्य सहनशीलता अपनाएको छ’, उनको भनाइ थियो ।

## विदेशमा...

अनुपस्थित हुँदा त्यो करिब ११ प्रतिशत हाराहारी हो । सक्रिय मतदाताको ठुलो हिस्सा अनुपस्थित रहेको निर्वाचनको परिणाम अस्थिर हुने कतिपय विज्ञहरूको भनाइ छ ।

‘नोट चल्ने भोट नचल्ने’ आवाज सघन रूपमा उठेको धेरै भयो । करिब एक दशकअगाडि २०७४ सालको निर्वाचनका बेला नै अधिवक्ता प्रेमचन्द्र राईले विदेशिएका नेपालीहरूलाई पनि भोट हाल्न कानुनी व्यवस्था तत्काल गर्नुपर्ने माग राखेर दायर गरेको रिटमा २०७४ चैत ७ गते न्यायाधीशद्वय सपना प्रधान मल्ल र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले विदेशिएका नागरिकले विदेशबाटै भोट गर्ने व्यवस्था मिलाउन नेपाल सरकारलाई आदेश दिएको थियो ।

सरकारले सर्वोच्चको उक्त आदेश कार्यान्वयन गर्ने र यसपटक २०८२ सालको निर्वाचनमा विदेशिएका नेपाली नागरिकले विदेशबाटै मताधिकार प्रयोग गर्न पाउने अपेक्षा थियो । तर यसपटक त्यो आदेश कार्यान्वयन नभएपछि वैदेशिक रोजगारमा रहेका नेपाली युवायुवती निराश बनेका छन् ।

वैदेशिक रोजगारमा रहेका नेपालीका लागि अनलाइन इलेक्ट्रोनिक भोटिङको व्यवस्था सबैभन्दा प्रभावकारी माध्यम रहेको धेरैको भनाइ छ । नेपालले १७२ देशमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति दिएको छ । नेपालको विकासका लागि विदेशिएका नेपालीको ज्ञान, सीप र पुँजी भित्र्याउन गैरआवासीय नेपालीलाई दोहोरो नागरिकता दिने विषय पनि बहसमा छ ।

तर २०७४ सालमा नै सर्वोच्च अदालतले नै कानुनी व्यवस्था गरेर मताधिकार दिन दिएको निर्देशन एक दशकसम्म कार्यान्वयनमा नआउनुले नेपाल आर्थिक रूपमा विकास गर्न नसक्ने राष्ट्रवादको साँघुरो घेरामा कैद भएको र यसले नेपालीको हित नगर्ने गैरआवासीय नेपालीहरूको भनाइ रहँदै आएको छ ।

## मध्यपूर्व ...

कारबाहीको प्रयोजनका लागि सूचना संकलनका लागि पोर्टल सञ्चालनमा ल्याइएको हो ।

परराष्ट्र मन्त्रालयको तयार पारेको सो पोर्टलमा साउदी अरेबिया, यमनमा रहेका नेपालीका बारेमा सूचना संकलन गरिनेछ । यस्तै, विभिन्न राजनीतिक दलसम्बद्ध प्रवासी संघसंस्थाले पनि नेपालीको सहयोगका लागि विभिन्न सम्पर्क व्यक्ति तोकिएको जनाएका छन् ।

इरानले इजरायलका साथै खाडी देशमा रहेका अमेरिकी सैनिक अखडाहरूमाथि हमला थालेको बुधबार पाँचौं दिन हो । अमेरिकाले आक्रमण गरेपछि खाडी मुलुकमा ठुलो संख्यामा कार्यरत नेपालीहरू चिन्तित बनेका छन् । इरानले कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स (युएई), बहराइनलगायत देशमा अवस्थित अमेरिकी सैनिक अखडाहरूलाई निशाना बनाउँदै आएको छ । राष्ट्रका सर्वोच्च नेता अयोतुल्लाह खमेनीलाई गुमाएको इरानले बदला लिने उद्घोष गरेको छ ।

मध्यपूर्वमा अहिले देखिएको तनाव कहिलेसम्म जान्छ भन्ने चिन्ता नेपाली कामदारहरूमा छ । खासगरी उनीहरूमा यो युद्ध रुस र युक्रेनबीचको लडाइँ जस्तो निरन्तर हुने त होइन भन्ने त्रास रहेको वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको भनाइ छ ।

## तत्काल...

टोलीलाई प्लाटुन अपरेटिङ बेस (पीओबी) मा वर्गिकरण गर्दै प्रत्येक पिओबीमा लप्टनको कमाण्डमा ३५ जना सैनिक खटाइएको छ । यसका साथै सेनाले दमकमा आफ्नै हेलिप्याड निर्माण गरी हवाई गस्तीसमेत सुरु गरेको छ । जमीनमा सुरक्षाका लागि चारवटा बख्तरबन्ध गाडीसहित विशेष फौज परिचालन गरिएको छ । सुरक्षा बेसहरूमा बम डिस्पोजल टोलीलाई ‘हाई अलर्ट’ मा राखिएको छ। निर्वाचनका बेला हुन सक्ने सम्भावित जोखिमलाई ध्यानमा राख्दै सेनाले विद्यालयका विद्यार्थीका लागि ‘माइन रिक्स एजुकेशन’ कक्षा समेत सञ्चालन गरेको छ।

कुनै पनि संकास्पद पदार्थ भेटिएमा कसरी सुरक्षित रहने र सुरक्षा निकायलाई कसरी खबर गर्ने भन्ने बारे विद्यालयका विद्यार्थी तहसम्म सचेत गराइएको छ । यद्यपी ‘सुरक्षा दृष्टिकोणको हिसावले सबै कुरा खुलाउन नमिल्ने’ बताउँदै उनले सादा पोशाक र पोशाकमा समेत बाक्लोरुपमा प्रहरी परिचालन गरिएको जानकारी दिइन् । यहाँ प्रहरीले ‘पर्ख र हेर’ को अवस्थामा नभई तत्काल ‘एक्सन’ मा जाने गरी आदेश लिइसकेको समेत उनले बताईन् ।

निर्वाचन प्रचारका दिन र मौन अवधि सुरु भए पछिको समय छिटपुट घटना मात्र भएको यो क्षेत्रमा भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न यथासम्भव मेहेनत गरिएको पनि उनले बताईन् । क्षेत्रमा काठमाडौं महानगरका मेयरका रूपमा उदाएका बालेन परिवर्तनको नारासहित मैदानमा छन् भने सार्वजनिक राजनीतिको सुरुवात देखि नै यस क्षेत्रबाट विजयी हुँदै आएका र त्यहीँबाट पटक पटक मुलुकको कार्यकारी प्रमुख बनेका ओलीका झापा ५ सर्वाधिक सुरक्षित निर्वाचन क्षेत्र मानिन्छ । दुवै उच्च-प्रोफाइल प्रतिद्वन्द्वीको प्रतिष्ठाको क्षेत्र मात्र नभई खुला सीमानाका कारण पनि सुरक्षा निकायले झापा-५ लाई संवेदनशील क्षेत्रको सूचीमा राखिएको थियो । त्यसैले यहाँका मतदान केन्द्रहरूमा विशेष सुरक्षा योजना लागू गरिएको र आवश्यक परे सेना समेत तयारी अवस्थामा रहेको प्रहरी प्रमुख खड्का बताउँछिन् ।

त्यसो त क्षेत्र नम्बर ५ मा झापा जिल्लाकै सर्वाधिक मतदाता रहेका छन् । निर्वाचन क्षेत्र नं ५ का निर्वाचन अधिकृत विदुरकुमार कार्कीका अनुसार १ लाख ६३ हजार ३ सय ७९ जना मतदाता छन् । ८१ हजार ८१ पुरुष, ८२ हजार २९६ र दुई जना तेस्रो लिंगी छन् । ‘निर्वाचनको लागि ६१ वटा मतदानस्थल र १८५ वटा मतदान केन्द्र रहेका छन्’ कार्कीले भने, ‘ निर्वाचन सम्पन्न गर्नको लागि १ सय १३ जना निर्वाचन कर्मचारी खटिएका छन् ।’ झापा-५ को मतगणना निर्वाचन अधिकृतको कार्यालय रहेको दमकको अर्ग्यानिक कृषि भवनमा हुने भएको छ । मतदान सम्पन्न भइसकेपछि झापा-५ का ६१ वटा मतदानस्थलका मतपेटिका गणनाका लागि उक्त भवनमा लगिनेछ । मतगणनाका लागि मतगणनास्थलको तयारी भइसकेको उनले बताए ।

# विशिष्ट पदाधिकारी र दलका नेताले कहाँबाट गर्दैछन् मतदान ?

**काठमाडौं/मस–** प्रतिनिधिसभा सदस्यको भोलि फागुन २१ गते हुने निर्वाचनका लागि मुलुकका अतिविशिष्ट पदाधिकारीदेखि राजनीतिक दलका मुख्य नेता र समाजका लब्ध प्रतिष्ठित व्यक्तिहरूले तोकिएका मतदान केन्द्रमा मतदान गर्दै छन्। उनीहरूले यसअघिका निर्वाचनमा जस्तै आआफ्नो मतदाता नामावली कायम भएको मतदान केन्द्रमा गई अमूल्य मतदान गर्नेछन्।

प्रधानमन्त्री सुशीला कार्कीले काठमाडौंको टोखा नगरपालिका धापासीस्थित मतदान केन्द्रबाट मतदान गर्ने उनका प्रेस सल्लाहकार रामबहादुर रावलले जानकारी दिए। राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले चितवनको भरतपुर महानगरपालिका-१४ स्थित नेपाल प्रहरी स्कुल शान्तिपुरको मतदान केन्द्रबाट मतदान गर्नेछन्।

नेपाली कांग्रेस सभापति गगनकुमार थापाले काठमाडौंको मैतीदेवी मयुर कुण्ड मतदान केन्द्रबाट मतदान गर्नेछन्। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने काठमाडौंको चुच्चेपाटीस्थित उपत्यका खानेपानी लिमिटेडको महाँकाल मतदान केन्द्रबाट मतदान गर्दै छन्। रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहले काठमाडौं महानगरपालिका-९ तीनकुने गैरीगाउँस्थित अन्नपूर्ण विद्यालय केन्द्रबाट मतदान गर्ने जनाइएको छ।

पूर्वराष्ट्रपति रामवरण यादवले धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-४ सपहीस्थित विपी कोइराला मावि मतदान केन्द्रमा मतदान गर्नेछन् भने अर्का पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-२ भंगालस्थित साविकको गाविस भवन मतदान केन्द्रबाट मतदान गर्नेछिन्।

नेपाली कांग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको मतदान केन्द्र डडेल्धुराको गन्यापधुरा गाउँपालिका-१ स्थित असिग्राम मावि रुवाखोला भए पनि यसपटक उनी मुलुक बाहिर रहनुभएकाले मतदान गर्नेछैनन्।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले भक्तपुरको सूर्यविनायक नगरपालिका-२ बालकोटस्थित महेन्द्र शान्ति माध्यमिक विद्यालय मतदान केन्द्रमा मतदान गर्ने उनको सचिवालयले जनाएको छ।

यस्तै नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चितवनको भरतपुर महानगरपालिका-१४ स्थित नेपाल प्रहरी



स्कुल शान्तिपुर मतदान केन्द्रबाट मतदान गर्नेछन्। नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले रौतहटको रामजानकी कन्या आधार भूत विद्यालय मतदान केन्द्रबाट मतदान गर्नेछन्। सोही पार्टीका वरिष्ठ नेता झलनाथ खनालको इलामको सूर्योदय नगरपालिका-९ रम्फोकस्थित राष्ट्रिय आधारभूत विद्यालयको मतदान केन्द्रको मतदानस्थलमा नामावली समावेश छ।

पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले गोरखा क्षेत्र नं २ अन्तर्गत पालुङटार नगरपालिकाको खोप्लाङस्थित अन्नपूर्ण माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रबाट मतदान गर्नेछन्। मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले काठमाडौंको पुरानो बानेश्वरस्थित सानो गौचरण पार्क मतदान केन्द्रबाट मतदान गर्नेछन्।

यसैगरी कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले काठमाडौंको अनामनगरस्थित मिलन विद्या मन्दिर मतदान केन्द्रमा मतदान गर्नेछन्। निर्वाचन आयुक्त डा.जानकीकुमारी तुलाधरले लमजुङको सुन्दरबजार नगरपालिका-२ स्थित महेन्द्र मावि परेवाडाँडा र आयुक्त सगुन शम्शेर जबराले टोखा नगरपालिका-४ फैमाचुली धपासी निमावी मतदान केन्द्रबाट मतदान गर्नेछन्। मुख्यसचिव सुमनराज अर्यालले गोकर्णेश्वर नपा-६ लर्डलाइट एकेडेमी मतदान केन्द्रबाट मतदान गर्नेछन्।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मोरङको विराटनगर-१४ स्थित स्नातकोत्तर क्याम्पसको विज्ञान भवन मतदान केन्द्रमा मतदान गर्दै गर्नेछन्। राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले झापाको हल्दिबारी गाउँपालिका-१ स्थित वडा कार्यालयमा मतदान गर्नेछन्। यस्तै नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले भक्तपुर नगरपालिका-५ विद्यार्थी निकेतन माध्यमिक विद्यालय साकोठा मतदान केन्द्रबाट मतदान गर्दै छन्।

उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले काठमाडौं महानगरपालिका-६ महाँकालस्थित जनकल्याण मावि मतदान केन्द्रबाट मतदान गर्ने सचिवालयले जनाएको छ। यस्तै श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले सुनसरीको धरान उपमहानगरपालिका-१८ कार्मेल विद्यालय बुद्धचोक मतदान केन्द्रबाट मतदान गर्नेछन्।

कांग्रेसका नेता प्रकाशमान सिंहले नेपाल युवक माध्यमिक विद्यालय पकनाजोल, नेता डा शेखर कोइरालाले मोरङको विराटनगर-७ आदर्श माध्यमिक विद्यालय मतदान केन्द्र, नेपाली कम्युनिष्ट पार्टीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले गोरखाको सिरानचोक गाउँपालिका-८ जौबारीस्थित परोपकार आर्दश मावि 'क' मतदान केन्द्र, एमालेका महासचिव शंकर पोखरेलले दाङको तुलसीपुर उपमहानगरापालिका-१८ विजौरीस्थित जनता संस्कृत मावि मतदान केन्द्र, एमाले उपमहासचिव योगेश भट्टराईले ताप्लेजुङको मैवाखोला गाउँपालिकास्थित नारायणी मावि मतदान केन्द्रमा मतदान गर्दै छन्।

कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले झापाको मेचीनगर-९ स्थित कविशिरोमणि मावि मतदान केन्द्र, नेता विमलेन्द्र निधिले धनुषाको नगराइन नगरपालिका-२ स्थित श्री राजेश्वर निधि मावि मतदान केन्द्र, नेता कृष्णप्रसाद सिटौलाले झापाको भद्रपुर नगरपालिका-१० स्थित कलवलगुडी आधार भूत विद्यालयको (क) मतदान केन्द्र र एमाले वरिष्ठ नेता ईश्वर पोखरेलले टोखा नगरपालिका-६ कार्यालयस्थित धापासी मतदान केन्द्रबाट मतदान गर्नेछन्।

एमाले नेता सुरेन्द्र पाण्डेले चितवनको राप्ती नगरपालिका-५ भण्डारा अस्पताल मतदान केन्द्र, प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता एवं पूर्वअर्थमन्त्री जनार्दन शर्माले रुकुमपश्चिमको मुसिकोट नगरपालिका-५ सेरीगाउँस्थित यमुना नन्द नमूना माध्यमिक विद्यालय मतदान केन्द्र र नेकपाका नेता वर्षमान पुनले रोल्पा नगरपालिका-७ स्थित बालउदय मावि माडीचौर मतदान केन्द्रबाट मतदान गर्दै छन्। यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डिपी अर्यालले काठमाडौं महानगरपालिका-१६ र स्वर्णिम वाग्लेले गोरखा सहिद लखन थापा गापाबाट मतदान गर्नेछन्।

शताब्दी पुरुष एवं राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य गौरीशंकरलाल दासले काठमाडौं महानगरपालिका-७ सिफलचौर मतदान केन्द्रबाट मतदान गर्नेछन्। त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमाले ललितपुर महानगरपालिका-२ सानेपास्थित राजघाट मतदान केन्द्रबाट मतदान गर्नेछन्।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले काठमाडौं महानगरपालिका विशालनगरस्थित विशाल मिलन केन्द्र मतदान केन्द्र, नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले कुलेश्वरस्थित कृषि सामग्री संस्थान मतदान केन्द्र र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले काठमाडौंको पद्मकन्या मावि डिल्लीबजार मतदान केन्द्रबाट मतदान गर्नेछन्।

अभिनेता राजेश हमालले लैनचौरस्थित जननाथ स्मृति मावि केन्द्र, अभिनेत्री करिश्मा मानन्धरले महाराजगञ्जस्थित काठमाडौं महानगरपालिका-३ को वडा कार्यालयमा रहेको केन्द्र र अभिनेता भुवन केसीले काठमाडौं क्षेत्र नं २ स्थित गुह्येश्वरी मावि केन्द्रबाट मतदान गर्नेछन्।

# नगदसहित पक्राउ परेका जसपा उम्मेदवार यादव छुटे

**सिरहा/मस–** प्रतिनिधिसभा निर्वाचनको मौन अवधि सुरु भएलगत्तै नगदसहित पक्राउ परेका जनता समाजवादी पार्टी नेपाल (जसपा) बाट सिरहा निर्वाचन क्षेत्र नं ३ का उम्मेदवार अशेश्वर यादवसहित पाँचजना तीन दिनभित्र लिखित स्पष्टीकरण बुझाउने सर्तमा रिहा भएका छन्।

यादवलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयले फागुन २२ गते भित्र स्पष्टीकरण बुझाउन निर्देशन दिएको छ। सहायक निर्वाचन अधिकृत भेषराज भट्टराईका अनुसार प्रहरीले बरामद गरी बुझाएको नगद तथा कागजात अध्ययनपछि लिखित स्पष्टीकरण माग गर्ने निर्णय गरिएको हो।

'मौन अवधिमा यति ठूलो रकम किन, कहाँबाट र के प्रयोजनका लागि बोकेको भन्ने विषयमा स्पष्टीकरण सोधिएको छ,' उनले भने, 'स्पष्टीकरण प्राप्त भएपछि थप निर्णय गरिनेछ। आवश्यकता परे निर्वाचन कसुर तथा सजायसम्बन्धी ऐनबमोजिम कानुनी कारबाहीका लागि प्रहरीले अनुसन्धान अघि बढाउनेछ।'

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक वासुदेव पाठकले आयोगले स्पष्टीकरण सोधिसकेको सन्दर्भमा तत्काल प्रहरीले थप कारबाही नगर्ने तर आयोगको निर्णयपछि अनुसन्धान प्रक्रिया अघि बढाइने जानकारी दिए।

यादवसँगै पक्राउ परेका विष्णुपुर-५, लक्ष्मीपुर



का श्यामकुमार यादव, रामप्रवेश यादव, बप्रेन्द्रकुमार यादव र नरहा गाउँपालिका-३ का सवारी चालक जीतेन्द्रकुमार महतो पनि रिहा भएका छन्।

मंगलबार राति उम्मेदवार यावदसहित पाँच जनालाई निर्वाचन सुरक्षा गस्तीमा रहेका प्रहरीले नेपाल-भारत सीमामा पर्ने माडर बजारबाट सिरहा सदरमुकामतर्फ आउँदै गरेको अवस्थामा माडरदेखि उत्तर शिवचोकमा प्र २-०२-००१ च ०८७ नम्बरको स्कर्पियोबाट रु चार लाख ८७ हजार नगदसहित पक्राउ गरेको थियो।

निर्वाचन कसुर तथा सजायसम्बन्धी ऐन, २०७३ को दफा ३० अनुसार निषेधित कार्यका लागि आर्थिक सहयोग लिन वा खर्च गर्न नहुने व्यवस्था छ।

उल्लंघन भए आम्दानी वा खर्च बराबरको जरिवाना गर्न सकिने र सो जरिवाना ६ महिनासम्म नबुझाए आयोगले बढीमा ६ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने प्रावधान रहेको छ।

# बैतडीको महरागाउँमा 'इन्फ्लुएन्जा बी'को संक्रमण

**बैतडी/मस–** बैतडीको पुर्चौंडी नगरपालिका-१० महरागाउँमा फैलिएको भाइरल ज्वरो 'इन्फ्लुएन्जा बी'भएको पुष्टि भएको छ। जनस्वास्थ्य प्रयोगशाला धनगढीमा गरिएको परीक्षणमा भाइरल ज्वरो 'इन्फ्लुएञ्जा बी'भाइरस भएको पुष्टि भएको हो। भाइरल ज्वरोका कारण यही फागुन ११ गते महरागाउँका १३ वर्षीय विनोद महरा र १६ गते १० वर्षीय विकास महरा दाजुभाइको ज्यान गएपछि स्वास्थ्यकर्मीको टोली महरागाउँ पुगेको थियो।

पुर्चौंडी नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विनोदकुमार कुँवरका अनुसार १० जनाको 'थ्रोट स्वाब' संकलन गरी परीक्षण गरिएकामा मौसमी फ्लु'इन्फ्लुएञ्जा बी' भएको पुष्टि भएको हो। यो रोग सामान्य



भए तापनि विशेषगरी बालबालिका र वृद्धमा छिटो सर्ने स्वास्थ्य शाखा प्रमुख कुँवरले बताए।

पाँच वर्षमुनिका बालबालिका, गर्भवती तथा ६५ वर्षमाथिका दम, मुटु मधुमेह दीर्घरोगीले विशेष ख्याल गर्नुपर्ने उनले बताए। महरागाउँका एकैघरका दुई दाजुभाइको मृत्यु हुनुका साथै गाउँमा मौसमी ज्वरो 'इन्फ्लुएञ्जा बी' प्रकोप देखिएको थियो। त्यसलगत्तै उक्त क्षेत्रमा स्वास्थ्यकर्मीको टोली खटिएर स्वास्थ्य परीक्षण गर्नुका साथै औषधि वितरण गरेको थियो। साबुन पानीले हात धुने, भीडबाट टाढा बस्ने खोक्दा/हाछ्यूँ मुख छोप्नेलगायत आवश्यक स्वास्थ्य सतर्कता अपनाउन स्वास्थ्यकहरुर्मीले आग्रह गरेका छन्।

# बागमती प्रदेशमा २६ अस्थायी मतदान केन्द्र

**काठमाडौं/मस–** बागमती प्रदेशका विभिन्न जिल्लामा २६ वटा अस्थायी मतदान केन्द्र तोकिएका छन्। निर्वाचन आयोगकाअनुसार सबैभन्दा धेरै अस्थायी मतदान केन्द्र काठमाडौंमा छ वटा तोकिएका छन्। काठमाडौं जिल्लामा सात हजार ६ सय ८७ अस्थायी मतदाता कायम छन्।

काठमाडौं महानगरपालिका-११ स्थित जगन्नाथ देवालयको केन्द्रीय कारागार, कामनपा वडा नं ३० स्थित डिल्लीबजार कारागार, नगार्जुन नगरपालिका-३ को सशस्त्र प्रहरी बलको कार्यलय, भद्रकाली मन्दिर तथा जिल्ला प्रशासन कार्यालयका भवनमा अस्थायी मतदान केन्द्र तोकिएका छन्।




आयोगका अनुसार भक्तपुरमा दुई हजार ३ सय ४, ललितपुरमा दुई हजार ५ सय ४९, काभ्रेपलाञ्चोकमा दुई हजार ४ सय ८१, मकवानपुरमा तीन हजार ३ सय ७, चितवनमा तीन हजार १ सय ८५, नुवाकोटमा दुई हजार ९ सय ५६ र धादिङमा दुई हजार ८ सय १८ अस्थायी मतदाता रहेका छन्। यसैगरी रसुवामा एक हजार पाँच, सिन्धुलीमा एक हजार ७ सय ७५, रामेछापमा दुई हजार ४ सय २२, खोलखामा दुई हजार ३ सय ११ अस्थायी मतदाता रहेका छन्।

देशभर १ सय ४३ ओटा अस्थायी मतदान केन्द्र तोकिएको छ। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले कारागार, सरकारी कार्यालय, सुरक्षा निकाय, अस्पताल तथा सार्वजनिक संस्थानमा कार्यरत मतदातालाई लक्षित गरी अस्थायी मतदान केन्द्र तोकिएको जानकारी दिए।


## ZERO COST EMPLOYMENT IN MALAYSIA !!!
## मलेसियामा शुन्य लागतको रोजगारी !!!

**No Recruitment Fees & Cost**: - New issuance or renewal of passport for obtaining an employment, Bio-Medical Examination, visa processing, foreign employment insurance, Welfare & Social security fund (SSF), pre-departure orientation training, air ticket (From Kathmandu Airport to Malaysia Airport For departure), in-bound land transportation, accommodation, and in-transit subsistence costs after an employment offer & Aakarshan's service charge which will be fully covered by the employer.
(शून्य रोजगार खर्च र शुल्क : वैदेशिक रोजगारीको लागि नयाँ राहदानी जारी गर्न वा नविकरण गर्न, स्वास्थ्य परीक्षण, भिषा प्रक्रिया, वैदेशिक रोजगार वीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष (एसएसएफ), प्रस्थानपूर्वको अभिमुखीकरण तालिम, हवाई टिकट (काठमाडौं एयरपोर्ट देखि मलेसिया एयरपोर्ट सम्म उठानको लागि), रोजगारीको सुनिश्चितता पछिको यातायात, आवास, खाना खर्च, र आकर्षणको सेवा शुल्क पूर्ण रुपमा रोजगारदाताले वहन गर्नेछ।)

### A. Employer's Information (रोजगारदाताको विवरण)

Name: Amphenol TCS (Malaysia) Sdn. Bhd. — Address : Pulau Pinang, Malaysia
नाम: एम्फेनोल टीसीएस (मलेसिया) एसडीएन. बीएचडी. — ठेगाना: पुलाउ पेनाङ, मलेसिया

**Short description about Company** (कम्पनीको बारेमा छोटो जानकारी)

Amphenol TCS is the leader in high-speed, high-density connection systems, designing and manufacturing the industry's leading high-speed, high-density connectors and backplane systems. Proven cost-optimized solution or the best performing connector on the market for reliable high-speed and high-density connectors.
Amphenol TCS उच्च-गति (high-speed) र उच्च-घनत्व (high-density) जडान प्रणालीहरूमा अग्रणी कम्पनी हो, जसले उद्योगकै उत्कृष्ट उच्च-गति तथा उच्च-घनत्व कनेक्टर र ब्याकप्लेन प्रणालीहरूको डिजाइन र उत्पादन गर्छ। प्रमाणित लागत-अनुकूल समाधान वा बजारमा उपलब्ध सबैभन्दा उत्कृष्ट कार्य सम्पादन गर्ने कनेक्टरका रूपमा, यसले भरपर्दो उच्च-गति र उच्च-घनत्व जडान सुनिश्चित गर्दछ।

**Pre-Approval Details (पूर्व-स्वीकृतिको विवरण):**

| | | | | | |
|---|---|---|---|---|---|
| Pre Approval Date: पूर्व स्वीकृत मिति: | 2026/1/11 २०८२/०९/२७ | Consignment No.: चलानी नं.: | 60250475 ६०२५०४७५ | L.T. No.: 336915 एल टी नं.: ३३६९१५ | |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. १. | General Worker/ Factory Worker सामान्य कामदार /कारखाना कामदार | 50 ५० | 0 ० | Able to read, Write & Speak English अंग्रेजीमा लेख्न, बोल्न र पढ्न सक्ने | 1700 १७०० | 63,461 ६३,४६१ | As per the company rule कम्पनीको नियम अनुसार | 9 hours ९ घण्टा | 5 Days ५ दिन | As per the company rule कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who Bears Passport making Fees | स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who Bears Domestic Medical Fees | विदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who Bears Overseas Medical Fees | स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने Who Bears Foreign Employment Term Life insurance (Domestic) | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Who Bears Foreign Employment insurance Premium (Overseas) | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who Bears Air Fare | भिषा शुल्क कस्ले व्यहोर्ने Who Bears Visa Fees | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने Who Bears Visa Stamping Fees | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने Who Bears Pre-Departure Orientation Fees | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Who Bears Welfare Fund Payment | स्वदेशमा लाग्ने सामाजिक सुरक्षा कोषको रकम कस्ले व्यहोर्ने र कति लाग्ने Who Bears Social Security Fund Payment | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने Who Bears Service Charge |
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

### B. Employment Related Information (रोजगारी सम्बन्धी जानकारी)

1. **Nature /Scope of Work** (कार्यको प्रकृती/क्षेत्र): Factory Worker (कारखाना कामदार)
2. **Work Shift** (कार्य शत्र):- Day Shift (दिवा शत्र)/ Night Shift (रात्रीकालिन शत्र)
3. **Overtime Facility** (ओभरटाइम सुविधा):- The employer is committed to limiting the total workweek to no more than sixty (60) hours, inclusive of regular working hours and voluntary overtime, in accordance with Malaysian labor laws and company policies. (मलेशियाको श्रम कानुन र कम्पनीको नियमानुसार सामान्य काम गर्ने समय र स्वेच्छिक ओभरटाईम समेत गरेर हप्तामा साठी (६०) घण्टासम्म कार्य प्रदान गर्नको लागि रोजगारदाता प्रतिबद्ध छ।)
**Overtime calculation will be as below:** (ओभरटाइमको गणना निम्नानुसार हुनेछ):
On Normal days (साधारण दिन) : x 1.5(x १.५को दरले)
On Sunday/ rest days (आइतबार/विश्राम बिदाको दिन) : x 2 .0 (x २.० को दरले)
On Public Holiday (सार्वजनिक बिदाको दिनमा) : x 2.0 For 1st 9 Hours (पहिलो ९ घण्टासम्म× २.० को दरले)
: x3.0 after 9 Hours (९ घण्टापछि × ३.०को दरले)

4. **Leave Entitlements & Working Hours** (विदा र कार्य घण्टा सम्बन्धी विवरण)
**a. Leave Entitlements** (विदा सम्बन्धी विवरण)
- Annual Leave 8 Days in a year (बार्षिक बिदा ८ दिन)
- Sick Leave 14 days per year (बिरामी बिदा बर्षको १४ दिन)
- Hospitalization Leave 60 days per year (अस्पताल भर्ना वापतको बार्षिक बिदा ६० दिन)
- Public Holiday 15 days per year (सार्वजनिक बिदा बर्षको १५ दिन)

**b. Key Working Hours Details** (कार्य घण्टा सम्बन्धी विवरण)
Under Malaysian Employment Act, 1955, Key Details on Working Hours, which will be implemented (मलेसियाली रोजगार ऐन, १९५५ अन्तर्गत कार्य घण्टासम्बन्धी मुख्य विवरणहरू, जुन लागू हुनेछ)
- Weekly Limit: The Maximum of 45 hours (साप्ताहिक सीमा: अधिकतम ४५ घण्टा)
- Rest day: Will get a day off in a week (आराम दिन: हप्तामा एक दिन बिदा पाउने।)

**All leave entitlements are fully paid according to the rules and apply over the two-year employment period.**
**(सबै बिदा अधिकारहरू नियमानुसर पूर्ण रूपमा भुक्तान गरिन्छ र दुई वर्षको रोजगार अवधिसम्ममा लागू हुनेछ।)**
Workers can return to their home country in the event of an emergency without incurring any penalties.
("आपतकालीन अवस्थामा कामदारहरू कुनै पनि दण्ड जरिवाना बिना आफ्नो देश फर्कन पाउनेछन्।")

5. **Medical and Accident Insurance** (मेडिकल र दुर्घटना बीमा): Employment Injury Scheme Under the Employees' Social Security Act 1969 and if applicable, the Foreign Workers Health Insurance Scheme (SPIKPA) or any other insurance scheme as may be adopted by the Government of Malaysia.
कर्मचारी सामाजिक सुरक्षा ऐन १९६९ अन्तर्गत रोजगार चोट वा दुर्घटना योजना लागू भएमा विदेशी कामदार स्वास्थ्य बीमा योजना वा मलेसियाली सरकारले अपनाउन सक्ने अन्य कुनै बीमा योजनाहरू लागु हुनेछ।

### C. Interview Schedule Details (अन्तर्वार्ताको समय तालिका)
**1. Screening Orientation** (छनौट अभिमुखीकरण)
**The Screening Orientation is scheduled to take place on 8 to 10 March 2026.**
Employment Registration process will be done through the online process and it will be open for 3- Days starting from 10:00 am to 4:00pm. Only the candidates who have been registered through the online process and shortlisted will be invited for the final interview.
(छनौट अभिमुखीकरण मिति २४ फागुन देखि २६ फागुन २०८२ गतेसम्म कार्यालय परिसरमा हुनेछ।)
(रोजगार छनोट दर्ता प्रक्रिया अनलाइन माध्यमबाट हुनेछ जुनबिहान १० बजे देखि अपरान्न ४ बजे सम्म ३ दिन को लागि छुट्टाएको छ। अनलाइन प्रकृया मार्फत दर्ता भई छनौट भएका उमेद्वारहरुलाई मात्र अन्तिम अन्तर्वार्ताको लागि बोलाइने छ।)
Scan Here for Amphenol TCS Registration

**2. Pre-Interview** (पूर्व-अन्तर्वार्ता)
The pre-interview is scheduled to take place on 11 March 2026 at our office premises in Kathmandu.
(पूर्व-अन्तर्वार्ता मिति २७ फागुन २०८२ गते कार्यालय परिसर काठमाडौंमा हुनेछ।)
**3. Final Interview** (अन्तिम-अन्तर्वार्ता)
The final interview is scheduled to take place on 12 March 2026 at our office premises in Kathmandu.
(अन्तिम-अन्तर्वार्ता मिति २८ फागुन २०८२ गते कार्यालय परिसर काठमाडौंमा हुनेछ।)

**As the number of applicants may exceed the available quota, we kindly request all interested candidates both inside and outside the Kathmandu Valley to contact Aakarshan in advance through our official communication channels before traveling for the company interview process, in order to avoid any inconvenience.**
**For accurate information, please rely only on Aakarshan's official communication platforms (Facebook, Tik Tok and Website). Kindly do not depend on any unofficial persons or channels, as they may provide incorrect or misleading information.**
(उपलब्ध कोटा भन्दा आवेदकहरूको संख्या बढी हुन सक्ने भएकाले, कम्पनीको अन्तर्वार्ता प्रक्रियाका लागि यात्रा गर्नु अघि, काठमाडौं उपत्यका भित्र तथा बाहिरका सबै इच्छुक उम्मेदवारहरूलाई कुनै असुविधा हुन नदिन कृपया आकर्षणको आधिकारिक सञ्चार माध्यम मार्फत अग्रिम रुपमा आकर्षणसँग सम्पर्क गर्न हार्दिक अनुरोध गर्दछौं।
सही तथा आधिकारिक जानकारीका लागि कृपया आकर्षणका आधिकारिक सञ्चार माध्यमहरू (Facebook, TikTok / Website) मात्र प्रयोग गर्नुहोस्। कृपया कुनै अनौपचारिक व्यक्ति वा माध्यममा निर्भर नगर्नुहोस्, किनकि उनीहरूले गलत वा भ्रामक जानकारी दिन सक्ने सम्भावना हुन्छ।)

### D. Important Information to Applicant (आवेदकलाई महत्वपूर्ण जानकारी)

❖ **Alert Notice: Fraud, Misleading Information, Third-Party Agents** (धोकाधडी, भ्रामक जानकारी र एजेन्ट बारे महत्वपूर्ण जानकारी):
- **No Sub-Agents Allowed** (सब-एजेन्ट बिनाको रोजगारी): Nepal Government strictly prohibits the use of sub-agents in recruitment process & Aakarshan does not allow it. (नेपाल सरकारले वैदेशिक रोजगारीमा एजेन्टको अनुमति दिदैन र आकर्षणले एजेन्टको प्रयोग पूर्ण रुपमा निषेद गरेको छ।)
- Aakarshan operates exclusively on a "ZERO COST & FEE- EMPLOYER PAY PRINCIPLE- EPP" recruitment model without branch offices, agents, or intermediaries. Any contrary claims are false and should be reported. (आकर्षणले शुन्य लागतमा रोजगार दाताद्वारा कुल लागतमा पुर्ण रुपमा भुक्तानि गर्ने कार्य प्रणलिमा मात्र काम गर्दछ। यसको कुनै पनि शाखा कार्यालय र एजेन्ट छैन। यदि कुनै गलत कार्य भएको पाईएमा खबर गर्नुहोस।)

❖ **Loan, Bond, Deposits & Saving Programs** (ऋण, तमसुक, नगद जम्मा र बचत कार्यक्रम):
- Apply directly without using any intermediators (मध्यस्थकर्ता विना नै प्रत्यक्ष रुपमा आवेदन दिनुहोस्)
- Avoid Loans or advance payments to anyone (अग्रिम भुक्तानी वा ऋणमा आवद्द नहुनुहोस्)
- Do not deposit Property, educational certificates, Livestock, jewelry, Phones, or other valuable items for obtaining the employment (यो रोजगारीका लागि तपाईले घरजग्गा, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, घरपालुवा जनावर, गरगहना, फोन र अन्य मुल्यवान बस्तुहरु लिनेदिने गर्न पर्नेछैन।)

❖ **Gift, Bribes & No Conflicts of Interest** (उपहार, घूस र स्वार्थकेन्द्रित उदेश्य हुनेछैन):
- **Gifts** (उपहार): Candidates and their family members are not required to give or receive any gifts for employment. (उम्मेदवार र उनीहरुको परिवारका सदस्यले रोजगारका निम्ति कुनै किसिमको उपहारहरु कसैलाई दिनु पनेछैन।)
- **Prohibition of Bribes** (घूस निषेध): Bribery and any means of obtaining undue advantage are strictly prohibited. (घुस र कुनै फाईदा हुने किसिमका कार्य हरुलाई पुर्ण रुपमा निषेध गरिएको छ।)
- **Conflict of Interest** (स्वार्थ केन्द्रित उदेश्य): No decision will be made based on conflicts of interest. (स्वार्थ केन्द्रित आधारमा कुनै निर्णय गरिने छैना।)

❖ **Termination & Early Leave** (वर्खास्त र करार अगावै फिर्ती प्रक्रिया):
- Workers can resign anytime without fees if they give the required notice. (कामदारहरुले अग्रिम सूचना दिई कुनै पनि समयमा राजीनामा गर्न सक्नेछन् जसवापत कुनै पनि कटौती हुनेछैन।)
- Employers must ensure no wage deductions or retaliation for proper resignations. (उचित समयावधिको सूचना दिई राजीनामा गरेको अवस्थामा रोजगारदाताले कुनै पनि कटौती गर्न र बदला लिने सोच राख्न पाउनेछैन।)
- The employer covers repartition expenses upon contract completion or early termination with adequate notice. (कामदारले सम्झौता पूरा भएपछि वा सम्झौताको बिचमा सूचना दिएर नेपाल फर्कन चाहेमा रोजगारदाताले लाग्ने खर्चहरू बेहोर्नु पर्नेछ।)

❖ **Age Verification** (उमेर प्रमाणीकरण):
- Bring at least two original government-issued documents for identity/age verification: (i) Nepali Citizenship card (or existing passport) (ii) Any other government-issued photo ID. (उमेर प्रमाणीकरणका लागि कम्तिमा दुईवटा सरकारले जारी गरेका कागजातहरू ल्याउनु पर्दछ: (i) नेपाली नागरिकताको प्रमाण पत्र (वा राहदानी भएमा) (ii) सरकारले जारी गरेको कुनै अन्य फोटो भएको आईडी।)

❖ **Non-Discrimination** (भेदभाव रहित):
- Aakarshan promotes a safe and respectful workplace, ensuring fair opportunities for all without discrimination. (आकर्षणले सुरक्षित र सम्मानजनक कार्य स्थलको सुनिश्चत्ता गर्दछ र भेदभाव रहित वातावरणको निश्चित्ता गर्दछ।)
- Aakarshan ensures no discrimination or harassment based on race, color, age, gender, sexual orientation, gender identity, ethnicity, disability, pregnancy, religion etc. in hiring and employment practices. (आकर्षणले रंग, जात, धर्म, उमेर, लिङ्ग, गर्भवस्था आदिका आधारमा कुनै पनि भेदभाव र अमानवीय व्यवहार हुन दिदैन र यसको सुनिश्चितता गर्दछ।)
- Aakarshan ensures that workers have the right to participate in religious programs and are free to observe their respective religious activities. (आकर्षणले कामदारहरुको आफ्नो धर्म अनुसारको गतिविधि गर्न र सलंग्न हुन पाउने स्वतन्त्रताको सुनिश्चितता गर्दछ।)

❖ **Freedom of Association & Collective Bargaining** (संघ र सामूहिक सम्झौताको स्वतन्त्रता):
- Workers have the right to freedom of movement, basic liberties, and collective bargaining as allowed by local law without discrimination based on their association. (स्थानीय कानुनले दिएको अधिकारको आधारमा कामदारहरुले कुनै पनि संघ संस्थामा आवद्द हुन पाउने स्वोतन्त्रता, बिना रोकतोक घुमफिर गर्ने अधिकार र आफ्नो आवाज सामुहिक रुपमा उठाउन पाउनेछन्।)

**Note (नोट):** We would like to inform you that we are fully committed to implementing a non-discriminatory and fair recruitment process. Regarding the fulfillment of workers under this advertisement, the employer has decided to give first priority in selection to those workers who have previously worked in the same company, have returned to Nepal, and are willing to rejoin the same company, taking into account the employer's specific needs, skills, and prior work experience.
हामी भेदभावरहित तथा निस्पक्ष भर्ना प्रक्रियाको पूर्ण कार्यान्वयनमा प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छौं। यस बिज्ञापन अन्तर्गतको कामदार मागको परिपूर्तिको सन्दर्भमा, रोजगारदाताले आफ्नो विशेष आवश्यकता, कार्यदक्षता तथा पूर्व अनुभवलाई मध्यनजर गर्दै सोही कम्पनीमा पहिले काम गरी स्वदेश फर्किएका र पुन: सोही कम्पनिमा रोजगारीमा जान चाहेका कामदारहरूलाई पहिलो प्राथमिकतामा राखी छनोट गर्ने निर्णय गरेको यहाँहरूलाई औपचारिक रूपमा अवगत गराइन्छ।

**Information Provided by Department of Foreign Employment (DOFE):**
**(वैदेशिक रोजगार विभागद्धारा प्रदान गरिएको जानकारी):**
Information provided by the Department of Foreign Employment (DOFE) बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: 1. Make sure you get the visa in your name. १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 4. Orientation or induction training must be taken before going for foreign employment. ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, सम्पर्क गर्नुहोला।

### E. Grievance and Whistleblower Reporting Alert (गुनासो र गोप्य सूचना दर्ता)
Aakarshan encourages a "Speak-up" culture. Report any unethical behavior without fear. Anonymous reports are welcome, and confidentiality will be ensured. (आकर्षणले बोल्ने स्वतन्त्रता र आफ्ना धारणा व्यक्त गर्ने अधिकारको सम्मान गर्दछ। कुनै अनैतिक गतिविधि देख्नुभयो भने हामीलाई गोप्य रूपमा जानकारी दिन सक्नुहुन्छ। तपाईको विवरण पूर्ण गोप्य राखिनेछ र बदला रहित वातावरणमा सम्बोधन गरिनेछ।)

**Grievance Reporting Mechanism of Migration Dristi** (माइग्रेशन दृष्टिको गुनासो तथा उजुरी दर्ता गर्ने व्यवस्था)
Migration Dristi has been appointed as an independent third-party monitoring and verification partner to ensure this recruitment process is strickly follows zero-fee and ethical procedure. For any issues related to this recruitment process, please contact them for grievance handling purpose. MD Grievence Line: +977 980-7199320
(यस भर्ती प्रक्रियामा शून्य लागत र पुर्ण नैतिक प्रक्रियालाई कडाइका साथ पालना गराउने उद्देश्यले माइग्रेसन दृष्टिलाई स्वतन्त्र तेस्रो पक्ष अनुगमन तथा प्रमाणीकरण साझेदारको रूपमा नियुक्त गरिएको छ। यस भर्ती प्रक्रियासँग सम्बन्धित कुनै पनि समस्याका लागि गुनासो व्यवस्थापनका उद्देश्यले उनीहरूसँग सम्पर्क गर्नुहोस्। माइग्रेशन दृष्टि गुनासो लाइन: +९७७ ९८०-७१९९३२०)

**Grievance Reporting Mechanism of Aakarshan** (आकर्षणमा गुनासो दर्ता गर्ने माध्यम):
Emailing at: whistleblower.aakarshan@gmail.com or making direct call & SMS at 9847757089
(इमेल वा गुनासो समन्वय गर्ने नम्बरमा फोन वा एसएमएस मार्फत दर्ता गर्न सक्नु हुनेछ ९८४७७५७०८९।)

**AAKARSHAN INTERNATIONAL PVT. LTD.**
(An Ethical Certified Foreign Recruitment Agency)
Pashupati Road,Ratopul,Ward No.7, Kathmandu,Nepal
Tel: 01- 4598701 (Hotline) | Mobile: 9801122306
Email:information.aakarshan@gmail.com, Web:www.aakarshannepal.com.np

मध्यान्ह
www.madhyanhadaily.com
२१ फागुन २०८२ बिहीबार
5 March 2026 Thursday

## सम्पादकीय

## उत्पादनमुखी क्षेत्रमा लगानी बढाऊ

नेपाल राष्ट्र बैंकले पहिलो पटक सार्वजनिक गरेको अर्ध–वार्षिक 'म्याक्रोइकोनोमिक रिपोर्ट'ले अर्थतन्त्र क्रमिक सुधारको बाटोमा रहेको जनाएको छ । आन्तरिक उत्पादन, कर्जा प्रवाह र सरकारी खर्चमा अझै कमजोरी रहेको भए पनि बाह्य क्षेत्र सुदृढ देखिएकाले अर्थतन्त्रमा सकारात्मक संकेत देखिएको प्रतिवेदनमा छ । मध्यावधि निर्वाचनबाट नयाँ आशासहित अघि बढ्न लागेको देशका लागि यसले चुनौती सामना गर्न सहज हुने छ । चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर करिब ४ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । यो सरकारको ६ प्रतिशत लक्ष्यभन्दा कम हो । भूकम्प, कोभिड–१९ र राजनीतिक संक्रमणजस्ता धक्कापछि अर्थतन्त्र बिस्तारै सम्हालिँदै गएको देखिए पनि अपेक्षित गतिमा अगाडि बढ्न सकेको छैन । सेवा क्षेत्रको हिस्सा ६२ प्रतिशत पुग्नु सकारात्मक देखिए पनि कृषि र उद्योग क्षेत्र खुम्चिँदै जानु चिन्ताको विषय हो । उत्पादनमुखी क्षेत्र कमजोर हुँदा रोजगारी र दीर्घकालीन आत्मनिर्भरता प्रभावित हुने देखिन्छ ।

महँगी नियन्त्रणतर्फ केही राहत देखिएको छ । उपभोक्ता मुद्रास्फीति ४ प्रतिशतको हाराहारीमा सीमित रहने अनुमान छ, जुन ५ प्रतिशतको लक्ष्यभन्दा कम हो । खाद्य वस्तुको मूल्य स्थिर रहनु र भारतीय बजारमा घटेको मूल्यवृद्धिको प्रभाव नेपालमा पर्नु यसको मुख्य कारण मानिएको छ । यसले आमउपभोक्ताको दैनिकीलाई केही सहज बनाएको छ । बैंकिङ प्रणालीमा पर्याप्त तरलता छ र ब्याजदर ऐतिहासिक रूपमा न्यून विन्दुमा झरेको छ । न्यून ब्याजदर हुँदाहुँदै पनि निजी क्षेत्रतर्फ कर्जा बिस्तार सुस्त देखिन्छ । पछिल्लो जेनजी आन्दोलनपछि लगानीकर्तामा आत्मविश्वास अझै फर्किएको छैन भन्ने यसले संकेत गरेको छ । खराब कर्जा स्थिर हुँदै जानु र बैंकहरूको पुँजी पर्याप्तता सन्तोषजनक रहनु भने सकारात्मक पक्ष हो । मुख्यतः बाह्य क्षेत्र मजबुत देखिनु अहिलेको ठूलो उपलब्धि मानिएको छ । रेमिट्यान्स उच्च दरमा बढ्दा शोधनान्तर स्थिति कीर्तिमानी बचतमा पुगेको छ । विदेशी मुद्राको सञ्चिति १८ महिनाभन्दा बढीको आयात धान्न पर्याप्त हुनु आफैमा अर्थतन्त्रका लागि बलियो आधार बनेको छ । तर निर्यात सीमित वस्तुमा निर्भर रहनुले त्यसले दिगो समाधान भने दिँदैन् । उत्पादन र निर्यात विविधीकरण नगरी बाह्य सन्तुलन दीर्घकालीन हुन सक्दैन ।

राजस्व संकलन र पुँजीगत खर्च अझै चुनौतीपूर्ण छन् । राजस्व कोभिडअघिको स्तरमा फर्कन सकेको छैन भने विकास बजेट खर्चको ढिलाइ मुख्य समस्या बनेको छ । सार्वजनिक ऋण दिगो सीमाभित्रै भए पनि बढ्दो प्रवृत्तिलाई बेवास्ता गर्न मिल्दैन । समग्रमा अर्थतन्त्र सुधारतर्फ उन्मुख देखिए पनि स्थायी सुधारका लागि संरचनात्मक परिवर्तन, उत्पादन वृद्धि, लगानी प्रोत्साहन र प्रभावकारी सार्वजनिक खर्च अनिवार्य छन् । बाह्य मजबुतीलाई आन्तरिक सुदृढीकरणमा रूपान्तरण गर्न नसके उपलब्धि दीगो बन्न सक्दैन । अहिलेको मुख्य चुनौती भनेकै अर्थतन्त्रको सुधारलाई स्थायित्वमा बदल्नु बनेको छ ।

# निर्वाचन र रूपान्तरणको खाका

**आमूल परिवर्तन कुनै एक व्यक्ति वा दलको अभियान होइन; यो सामूहिक संकल्पको परिणाम हो । युवाको ऊर्जा, किसानको परिश्रम, उद्यमीको साहस र राज्यको दूर दृष्टि एकसाथ जुटे मात्र नेपाल सुशासित, आत्मनिर्भर र सम्मानित राष्ट्र बन्न सक्छ ।**

अग्रलेख



● चन्द्रबहादुर बस्याल

नेपाल यतिबेला इतिहासकै संवेदनशील मोडमा उभिएको छ । राजनीतिक अस्थिरता, आर्थिक परनिर्भरता, बेरोजगारी, प्रशासनिक जटिलता, सुशासनको अभाव र सांस्कृतिक असन्तुलनले राज्य र समाजबिचको विश्वास कमजोर बनाएको छ । परिवर्तनका नाममा धेरै प्रयोग भए, तर परिणामले नागरिकलाई आश्वस्त पार्न सकेनन् । अब सामान्य सुधारले मात्र पुग्ने अवस्था छैन; संरचनागत, नीतिगत र कार्यान्वयनमुखी आमूल रूपान्तरण आवश्यक भइसकेको छ ।

राजनीतिक स्थिरता र पारदर्शिताबाटै रूपान्तरणको यात्रा सुरु हुनुपर्छ । बारम्बार सरकार परिवर्तन, गठबन्धनको अनिश्चितता र नीति निरन्तरताको अभावले विकासलाई कमजोर बनाएको छ । स्थिर शासन प्रणालीका लागि निर्वाचन र शासन संरचनामा सुधार अपरिहार्य छ । उदाहरणका लागि, सार्वजनिक पदाधिकारीको अनिवार्य डिजिटल सम्पत्ति घोषणा र स्वतन्त्र अनुसन्धान संयन्त्र स्थापना गरियो भने भ्रष्टाचारका ठूला प्रकरणमा छिटो छानबिन सम्भव हुन्छ । स्थानीय तहदेखि संघसम्मको प्रशासनमा कार्यसम्पादनमा आधारित मूल्यांकन लागू गरियो भने कर्मचारीतन्त्र परिणाममुखी बन्न सक्छ ।




आर्थिक आत्मनिर्भरता रूपान्तरणको दोस्रो आधार हो । आजको अर्थतन्त्र ठूलो मात्रामा रेमिट्यान्समा टिकेको छ, जुन दीर्घकालीन समाधान होइन । स्वदेशमै रोजगारी सिर्जना गर्ने स्पष्ट लक्ष्य निर्धारण गर्नुपर्छ । यदि प्रत्येक वर्ष दुई लाख युवालाई उत्पादन, प्रविधि, कृषि, पर्यटन र सेवा क्षेत्रमा काम दिने योजना बनाइयो भने विदेश पलायनमा कमी आउन सक्छ । उदाहरणका रूपमा, नवप्रवर्तनशील स्टार्टअपलाई सात वर्षसम्म कर छुट र न्यून ब्याजदरमा ऋण उपलब्ध गराउने नीति लागू गरियो भने सूचना प्रविधि, कृषि-प्रशोधन र हरित ऊर्जाजस्ता क्षेत्रमा युवा उद्यमी आकर्षित हुन सक्छन् । विदेशबाट फर्किएका युवालाई उद्योग स्थापना गर्दा भन्सार र आयकरमा सहुलियत दिइयो भने साना तथा मझौला उद्योग पुनर्जीवित हुन सक्छन् ।

कृषि आधुनिकीकरण अर्को प्रमुख क्षेत्र हो । सहकारी मोडलमार्फत बिउ, मल र बजार सुनिश्चित गरियो भने किसानको उत्पादन लागत घट्छ र आम्दानी बढ्छ । उदाहरणका रूपमा, कुनै गाउँपालिकाले तरकारी उत्पादनका लागि सामूहिक कोल्ड-स्टोर र बजार सम्झौता गर्‍यो भने किसानले बिचौलियामाथिको निर्भरता घटाउन सक्छ । यसले ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउँछ ।

पर्यटन क्षेत्रलाई सांस्कृतिक र प्राकृतिक सम्पदासँग जोडेर विकास गर्नुपर्छ । पुराना सहरलाई खुला संग्रहालयका रूपमा संरक्षण गर्ने, स्थानीय कला र हस्तकला बजारसँग जोड्ने र उच्च खर्च गर्ने पर्यटकका लागि दीर्घकालीन भिसा सुविधा दिने नीति लागू गरियो भने पर्यटन आम्दानी उल्लेखनीय रूपमा बढ्न सक्छ । उदाहरणका लागि, हिमाली पदमार्ग नजिकको बस्तीमा सामुदायिक होमस्टे, स्थानीय संग्रहालय र सांस्कृतिक महोत्सवलाई एकीकृत गरियो भने रोजगारी र पहिचान दुवै सुदृढ हुन्छन् ।

ऊर्जा र पूर्वाधार विकासले दीर्घकालीन समृद्धिको आधार तयार गर्छ । जलविद्युत् उत्पादन वृद्धि, सौर्य ऊर्जा विस्तार र राष्ट्रिय ग्रिड सुदृढीकरणले औद्योगिक विकासलाई गति दिन सक्छ । यदि आगामी दशकमा चरणबद्ध रूपमा हजारौँ मेगावाट विद्युत् उत्पादन गरी निर्यातसमेत गरियो भने व्यापार घाटा घटाउन सहयोग पुग्छ । गाउँगाउँमा उच्च-गति इन्टरनेट र ई-गभर्नेन्स लागू गरियो भने सेवा प्रवाह पारदर्शी र छिटो हुन्छ । उदाहरणका लागि, नागरिकले अनलाइनमार्फत कर तिर्ने, प्रमाणपत्र लिने र गुनासो दर्ता गर्ने व्यवस्था प्रभावकारी बनाइयो भने भ्रष्टाचार घट्न सक्छ ।

सामाजिक न्याय र मानव विकासबिना आर्थिक वृद्धि अर्थहीन हुन्छ । गुणस्तरीय शिक्षा, प्राविधिक तालिम र आधारभूत स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्छ । प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षालय स्थापना गरियो भने युवा सीपयुक्त बन्छन् र उद्योगसँग प्रत्यक्ष जोडिन सक्छन् । उदाहरणका रूपमा, कुनै नगरपालिकाले सौर्य प्यानल जडान, प्लम्बिङ, कृषि मेकानिक्स वा सूचना प्रविधि तालिम सञ्चालन गर्‍यो भने त्यहाँका युवाले स्वदेशमै काम पाउन सक्छन् । स्वास्थ्य क्षेत्रमा निःशुल्क आधारभूत सेवा र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएकाका लागि स्थानीय सेवा केन्द्र सञ्चालन गरियो भने सामाजिक सुरक्षा बलियो हुन्छ ।

सांस्कृतिक संरक्षण पनि राष्ट्र निर्माणको महत्वपूर्ण पक्ष हो । विद्यालय पाठ्यक्रममा भाषा, इतिहास र मौलिक परम्पराको अध्ययनलाई व्यवहारिक सिपसँग जोडियो भने नयाँ पुस्ताले पहिचान र आधुनिकता दुवै आत्मसात् गर्न सक्छ । मठ-मन्दिर, गुठी, गुम्बा तथा सांस्कृतिक सम्पदाको संरक्षणका लागि पारदर्शी कोष र सामुदायिक सहभागिता आवश्यक छ । उदाहरणका रूपमा, कुनै ऐतिहासिक स्थलको पुनर्संरचना स्थानीय समुदाय र निजी क्षेत्रको सहकार्यमा गरियो भने पर्यटन र सांस्कृतिक चेतना दुवै प्रवर्द्धन हुन्छन् ।

दिगो विकास र वातावरण संरक्षण आजको अनिवार्य सर्त हो । नदी, वन, पहाड र चुरे क्षेत्रको अन्धाधुन्ध दोहन रोकिनुपर्छ । यदि चुरे संरक्षणका लागि विशेष कोष स्थापना गरी वृक्षारोपण, जलाधार व्यवस्थापन र अनुगमन प्रणाली लागू गरियो भने तराई र पहाड दुवैको पर्यावरणीय सन्तुलन जोगाउन सकिन्छ । सौर्य र जलविद्युत्जस्ता नवीकरणीय ऊर्जामा लगानी बढाउनु दिगो अर्थतन्त्रतर्फको स्पष्ट कदम हुनेछ ।

परराष्ट्र नीति सन्तुलित र आर्थिक हित केन्द्रित हुनुपर्छ । छिमेकी मुलुकसँग सन्तुलित सम्बन्ध राख्दै व्यापार, ऊर्जा र पूर्वाधार सहकार्य बढाइयो भने राष्ट्रिय हित सुदृढ हुन्छ । नेपाली उत्पादन र पर्यटनलाई विश्व बजारमा ब्रान्डिङ गर्ने ठोस रणनीति बनाइयो भने निर्यात र विदेशी मुद्रा आम्दानी बढ्न सक्छ । उदाहरणका रूपमा, नेपाली चिया, कफी वा हस्तकलालाई अन्तर्राष्ट्रिय प्रदर्शनी र डिजिटल बजारसँग जोडियो भने साना उत्पादकले प्रत्यक्ष लाभ पाउन सक्छन् ।

यी सबै योजना कार्यान्वयनबिना अर्थहीन हुन्छन् । त्यसैले स्पष्ट समय सीमा, जिम्मेवारी तोकिएको संयन्त्र र डिजिटल अनुगमन प्रणाली आवश्यक छ । संघीय, प्रदेश र स्थानीय सरकारबिच समन्वय गरी मासिक प्रगति सार्वजनिक गरियो भने पारदर्शिता बढ्छ । साझा न्यूनतम कार्यक्रम बनाएर राजनीतिक दलहरूले प्रतिस्पर्धाभन्दा सहकार्यलाई प्राथमिकता दिए विकास तीव्र हुन सक्छ ।

अन्ततः आमूल परिवर्तन कुनै एक व्यक्ति वा दलको अभियान होइन; यो सामूहिक संकल्पको परिणाम हो । युवाको ऊर्जा, किसानको परिश्रम, उद्यमीको साहस र राज्यको दूर दृष्टि एकसाथ जुटे मात्र नेपाल सुशासित, आत्मनिर्भर र सम्मानित राष्ट्र बन्न सक्छ । चुनौती ठूलो छ, तर सम्भावना अझ ठूलो छ । स्पष्ट दृष्टि, इमानदार नेतृत्व र दृढ कार्यान्वयनमार्फत परिवर्तनको यात्रा सुरु गर्न सके भविष्यप्रति आशावादिता केवल नारामा सीमित रहने छैन, वास्तविक उपलब्धिमा रूपान्तरण हुनेछ । त्यसकारण अबको निर्वाचनबाट आउने नेतृत्वले स्पष्ट नीति अख्तियार गर्नुको विकल्प छैन । आम नागरिकले पनि नयाँ नेतृत्वले आमूल परिवर्तनको दिशा अवलम्बन गर्ने अपेक्षा राखेका छन् ।

## इतिहासमा आज

५ मार्च २०११ मा परीक्षण उडानको क्रममा रूसको एन्टोनोभ एन-१४८ दुर्घटनाग्रस्त भएको थियो । जुन दुर्घटनामा सवार सबै सात जनाको नै मृत्यु भएको थियो ।



५ मार्च २०१२ मा रोमानियाको बुखारेस्टमा रहेको हेयर सैलुनमा भएको गोलीबारीमा दुई जनाको मृत्यु भएको थियो भने ६ जना घाइते भएका थिए । जसको जिम्मा कसैले लिएको थिएन ।



५ मार्च २०२१ मा कोभिड-१९ महामारीको बीचमा पोप फ्रान्सिसले इराकको ऐतिहासिक भ्रमण सुरु गरेका थिए ।



५ मार्च २०२१ मा सोमालियाको मोगादिशुमा भएको आत्मघाती कार बम विस्फोटमा २० जनाको मृत्यु भएको थियो भने ३० जना घाइते भएका थिए ।



# नीति हेरेर मतदान गरौं

विचार



● कौशल गोपालवंशी

*लोकतन्त्रको वास्तविक शक्ति मतदाताको सचेत निर्णयमा निहित छ । मतदान केवल अधिकार होइन, जिम्मेवारी पनि हो । भावनामा होइन, तथ्य र नीति हेरेर निर्णय गर्नुहोस् । अनुहार वा करिश्मामा होइन, दलको विचारधारा र स्पष्ट नीतिमा ध्यान दिनुहोस् ।*

मुलुकमा चुनाव हुँदै गर्दा धेरै प्रश्नमाथि छलफल चलिरहेको छ । हुनत लोकतन्त्रको वास्तविक परीक्षा केवल उत्सव वा नारामा होइन, मतदाताको चेतनामा छ । आज सबैभन्दा महत्वपूर्ण प्रश्न यही हो- के हामी विचार, सिद्धान्त र स्पष्ट नीतिको आधारमा मतदान गर्दैछौँ, कि केवल अनुहार, उमेर, चिनजान वा भावनात्मक प्रभावमा निर्णय गरिरहेका छौँ ?

मतदान केवल प्रतिनिधि छान्ने औपचारिक प्रक्रिया होइन; त्यो राज्यसत्ताको दिशा, नीति र विकासको ढाँचामा हस्ताक्षर गर्ने अधिकार हो । हामीले दिएको मतले कुनै दल वा उम्मेदवारलाई सत्तामा पुर्‍याउँछ । सत्तामा पुगेपछि उनीहरूले बनाउने शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, कर प्रणाली, संघीय संरचना, सामाजिक न्याय र विकास आयोजनाहरू- यी सबै नीति र बजेटमार्फत कार्यान्वयन हुन्छन् । यदि हामीले नीतिगत स्पष्टता नहेरी मत दियौँ भने, सत्तामा बनेका निर्णयहरू हाम्रो हितअनुकूल नहुन सक्छन् र त्यसको परिणाम हामी र हाम्रो समाजले भोग्नुपर्छ ।

तराई-मधेसको सन्दर्भमा यो प्रश्न अझ गम्भीर छ । विगतका वर्षहरूमा हामी मधेसका मतदाताले धेरैपटक कुनै दलको नीतिगत स्पष्टता नहेरी, केवल अनुहार वा भावनात्मक आग्रहमा मतदान गरेका छौँ । परिणामस्वरूप, हरेक आर्थिक वर्षमा विकासका लागि विनियोजित बजेट, आयोजना र कार्यक्रमहरू अपेक्षित अनुपातमा मधेसमा पुगेका छैनन् । आधा राजस्व संकलन गर्ने र ठूलो जनसंख्या भएको मधेसले केवल २०-२५ प्रतिशत जति बजेट पाएको देखिन्छ । यदि ती दलहरूको मुख्य नीति मधेसको समावेशी विकासमा केन्द्रित भएको भए, बजेट र विकास कार्यक्रमको कार्यान्वयनमा स्पष्ट झल्को देखिनुपर्ने थियो । तर व्यवहारमा त्यो अनुपात देखिएन- न कागजमा, न कार्यान्वयनमा । समथर भूगोल, समृद्ध कृषि सम्भावना र जनशक्ति भएको तराईमा पनि बजेट अभाव, नीति अस्पष्टता र दीर्घकालीन दृष्टिकोणको कमीले अपेक्षित विकास हुन सकेको छैन । यसले संकेत गर्छ कि सत्तामा पुगेका दलहरूको प्राथमिकतामा मधेस सधैं पछाडि परेको छ ।

यो अवस्थाका कारण मधेसका जनताहरू बारम्बार सडकमा उत्रन बाध्य छन्, आन्दोलन गर्नुपर्छ र नीति निर्माणको विरोध वा संशोधनका लागि आवाज उठाउनुपर्छ । लोकतन्त्रमा जनआन्दोलन एक विकल्प हुन सक्छ, तर हाम्रो लक्ष्य यसलाई आवश्यक नपर्ने बनाउनु हो । त्यसका लागि आवश्यक छ कि निर्वाचनअघि नै दलहरूले स्पष्ट रूपमा नीति प्रस्तुत गरून् । यदि दलले मधेसको विकास, बजेट समानता र समावेशी नीति सुनिश्चित गर्ने प्रतिबद्धता देखाउँछ भने मात्र मत दिने निर्णय गरौं ।

हामीले विगतका गल्तीहरूबाट सिक्नुपर्छ । मतदान गर्दा केवल अनुहार, भावना वा क्षणिक लोकप्रियता हेरेर मत दिनु पर्याप्त छैन । हामीले स्पष्ट प्रश्न गर्नुपर्छ- कसको दीर्घकालीन नीति मधेसको विकास र बजेट समानतामा आधारित छ ? क्षेत्रीय असमानता घटाउन के योजना छ ? राजस्व योगदान र जनसंख्याको अनुपातअनुसार विकास सुनिश्चित हुने प्रतिबद्धता छ कि छैन ? यदि दलले यी स्पष्ट उत्तर दिन सक्दैन भने, सत्तामा पुगेपछि हाम्रो हित सुरक्षित हुने ग्यारेन्टी के छ ?

लोकतन्त्रको वास्तविक शक्ति मतदाताको सचेत निर्णयमा निहित छ । मतदान केवल अधिकार होइन, जिम्मेवारी पनि हो । भावनामा होइन, तथ्य र नीति हेरेर निर्णय गर्नुहोस् । अनुहार वा करिश्मामा होइन, दलको विचारधारा र स्पष्ट नीतिमा ध्यान दिनुहोस् । हामीले आफ्नो समाज, परिवार र मधेसको दीर्घकालीन विकास चाहन्छौँ भने, स्पष्ट विचारधारा र नीतिगत प्रतिबद्धता भएका दललाई मात्रै समर्थन गर्नु आवश्यक छ ।


हाम्रो मतले हाम्रो भविष्य, मधेसको विकास र दीर्घकालीन समावेशी नीति निर्माणको दिशा तय गर्छ । त्यसैले चुनावमा सोचेर, बुझेर र स्पष्ट नीति बोकेको दललाई मात्र मतदान गरौं, ताकि भोलि सडकमा उत्रिन नपरोस्, आन्दोलन गर्न नपरोस् र हाम्रो क्षेत्रको हितअनुरूप नीति स्वतः निर्माण होस् ।

## सामाजिक सञ्जाल



**शर्मिला दाहाल**

हाम्रो स्वाभिमान, आफूभन्दा ठूला शक्तिशाली राष्ट्रको छहारीमा बस्नु हो, होइन त ? भिख माग्नु अनि अहिले भनेको नमान्नु ! आफूलाई सचेत भन्नेहरू घाँस खाँदै थिए क्यारे त्यतिबेला, फेरि उनीहरूकै रुवाबासी अँ साँच्चै ! अनुभवी, पारदर्शी सोच भएका युग पुरुषहरूले ३० वर्षदेखि यही गर्दै आइरहेका हैनन् र !




**भीष्म कुमार**

भारतीयसँग मिलेर १२ बुँदे सहमतिलाई लागु गरेकै दिनदेखि देश दिशाहीन भएर भट्किरहेकै छ । यस्तोमा देशभक्त जनताहरूले नेतृत्व नसम्हाल्दासम्म गलत दिशातिर भट्किरहने पक्का छ । त्यसको लागि पुरानो नेतृत्वको अन्त एउटा मात्र बाटो हो ।



**निर्मल प्रसाईं**

हाम्रा लाखौँ नेपाली दाजुभाइ रोजगारीको सिलसिलामा गल्फ कन्ट्रीमा छन् र त्यहाँ बमबारी भइरहेको समाचारले मन आत्तिएको छ, हाम्रा एक नेपाली युवाको मृत्युको खबरले मुटु दुखेको छ । हाम्रा दाजुभाइको जीवन रक्षा, खानपिनको व्यवस्था तथा सुरक्षित स्थानान्तरण गर्नका लागि नेपाल सरकारसँग अनुरोध छ ।



**क्रान्ति शिखा**

मत हाल्न जाँदा शहीद परिवारको पीडा सम्झिनु होला । आफ्नै घर आँगन वरिपरिको सन्नाटा, अधुरा सपना र अपूरा आशा सम्झिनु होला । हाम्रो सपनामाथि पटक-पटक भएको खेलबाड पनि सम्झिनु होला । तपाईंको एउटा मत बलिदान र इतिहासप्रतिको प्रतिको सम्मान हो, भोलिको पुस्ताप्रतिको

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# अस्पतालमा ‘द्रुत प्रतिकार्य टोली’ गठन

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यही फागुन २१ गते हुने निर्वाचनको लागि स्वास्थ्य सेवा समन्वय गर्नका लागि संघ र प्रदेशमा समन्वयकर्ता तोकेको छ।

मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले निर्वाचनमा सम्भावित घटनाका लागि आवश्यक स्वास्थ्य सेवा समन्वय गर्नका लागि छ जना संघमा र सातवटै प्रदेशमा सात जना समन्वयकर्ता तोकिएको बताए।

उनका अनुसार निर्वाचनमा सम्भावित घटनाका लागि आवश्यक स्वास्थ्य सेवा समन्वय गर्नका लागि स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रका छ जना र प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका सात जना तोकिएको छ।

संघमा बन्दना भट्ट, डा.नवराज जोशी, नरमाया रिजाल, विमला महर्जन, गोपाल पाण्डे र श्रीया सुवेदी रहेका छन्।

यस्तै कोशी प्रदेशमा डा.सभ्यता सुवेदी, मधेसमा फुलेन्द्र यादव, बागमतीमा दिनेश रुपाखेती, गण्डकीमा बुद्धिसागर




अधिकारी, लुम्बिनीमा नोधनारायण चौधरी, कर्णालीमा श्यामलाल आचार्य र सुदूरपश्चिम प्रदेशमा हेमराज जोशी रहेका छन्।

‘समन्वयकर्ताले निर्वाचनको दिन सम्भावित घटनाका घाइतेलाई अस्पतालसम्म पुऱ्याउने र उपचारसम्मको व्यवस्थाका लागि समन्वय गर्ने छन्’, मन्त्रालयका प्रवक्ता डा.बुढाथोकीले भने। मन्त्रालयले यसअघि नै सबै अस्पतालमा ‘द्रुत प्रतिकार्य टोली’ गठन गर्न निर्देशनसमेत दिइसकेको छ।

**निर्वाचनमा प्राथमिक उपचार स्वयंसेवक परिचालन गर्दै नेपाल रेडक्रस**

नेपाल रेडक्रस सोसाइटी, काठमाडौं जिल्ला शाखाले बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा विभिन्न ३० मतदान केन्द्र परिसरमा प्राथमिक उपचार स्वयंसेवक परिचालन गर्ने भएको छ।

काठमाडौं महानगरपालिकासहित अन्य १० पालिकाका विभिन्न ३० मतदान केन्द्रमा चार/चार जना स्वयंसेवकले सेवा प्रदान गर्ने छन्। साथै ती स्वयंसेवकको अतिरिक्त शाखाले एम्बुलेन्ससहित सातजनाको अलग टोली पूर्वतयारी अवस्थामा राखेको छ।

जिल्ला शाखाका सभापति श्यामकाजी डोटेलले मतदान केन्द्रमा आकस्मिक प्राथमिक उपचार सेवा उपलब्ध गराउनुपर्ने स्थिति सिर्जना हुनसक्ने अवस्थालाई मध्यनजर राखी स्थानीय रुपमा प्राथमिक उपचार टोली तथा सामग्रीहरू पूर्वतयारी गरिएको जानकारी दिए। उनले भने,‘प्राथमिक उपचार स्वयंसेवकले तत्काल प्राथमिक उपचार सेवा आवश्यक पर्नेलाईसेवा प्रदान गर्नेछन्।’

यसका लागि जिल्ला शाखाले प्राथमिक उपचार स्वयंसेवकहरुका लागि अभिमुखीकरणसमेत आयोजना गरेको थियो। अभिमुखीकरणमा प्राथमिक उपचार पुनर्ताजगी, सुरक्षित पँहुच, मनोसामाजिक सहयोग र मनोवैज्ञानिक प्राथमिक उपचारलगायतका विषयमा सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गरिएको छ। शाखाले स्वयंसेवकहरुलाई मानवीय सेवाका विभिन्न गतिविधिहरू सञ्चालनमा परिचालन गर्दै आएको छ।

# निर्वाचनका दिन कतै पनि वर्षा नहुने




**काठमाडौं/मस-** जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले निर्वाचनका दिन (बिहीबार) मौसम सफा रहने जनाएको छ। बुधबार विभागले विशेष मौसम बुलेटिन सार्वजनिक गर्दै बिहीबार मुलुकभर वर्षा नहुने जनाएको हो।

महाशाखाले बुधबारदेखि २२ गतेसम्म देशभर उल्लेखनीय मौसम प्रणालीको प्रभाव नरहने जनाएको छ। मौसमविद् बरुण पौडेलले हालसम्मको मौसमी प्रणालीको विश्लेषणका आधारमा अधिकांश स्थानमा मौसम सामान्यतया सफा रहने जानकारी दिए।

‘निर्वाचनको दिन देशभर मौसम सफा रहने छ, हामीले निर्वाचन आयोगका प्रतिनिधिलाई पनि मौसमसम्बन्धी जानकारी दिँदै आइरहेका छौं’ उनले भने।

पौडेलका अनुसार शुक्रबार भने हिमाली तथा पहाडी क्षेत्रमा आंशिक बदलीसहित हल्का वर्षा तथा हिमपातको सम्भावना छ। विभागका अनुसार आज कोसी, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भू-भागका एक/दुई स्थानमा फाटफुट वर्षा तथा हिमपातको सम्भावना छ। लुम्बिनी प्रदेशको हिमाली क्षेत्रमा आंशिक बदली रहनेछ भने अन्य अधिकांश स्थानमा मौसम मुख्यतया सफा रहने पूर्वानुमान छ। मधेस प्रदेशसहित तराईका भू-भागमा सामान्यतया सफा मौसम रहने जनाइएको छ।

‘बिहीबार देशका अधिकांश भू-भागमा आंशिक बदलीदेखि मुख्यतया सफा मौसम रहनेछन्। उल्लेखनीय वर्षा प्रणाली सक्रिय नदेखिएकाले भारी वर्षाको सम्भावना छैन’, महाचशाखाद्वारा जारी विशेष बुलेटिनमा उल्लेख छ,‘शुक्रबार कोसी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी भू-भागका एक/दुई स्थानमा हल्का वर्षा तथा हिमपात हुनसक्ने अनुमान गरिएको छ। तराई क्षेत्रका अधिकांश स्थानमा मौसम मुख्यतया सफा रहनेछ।’ महाशाखाले निर्वाचन अवधिभर मौसमको निरन्तर अनुगमन तथा विश्लेषण गरिरहेको जनाएको छ। आवश्यकताअनुसार बुलेटिन अद्यावधिक गरिने उल्लेख गर्दै सम्बन्धित निकाय तथा सर्वसाधारणलाई अद्यावधिक मौसम सूचनामा ध्यान दिन अनुरोध गरिएको छ।

# देवघाटमा देखियो घडियाल गोही

**चितवन/मस-** गैंडाकोटको देवघाट क्षेत्रमा घडियाल गोही देखा परेको छ। केही वर्षअघिसम्म देवघाट क्षेत्रमा गोहीको चर्चा हुने गरेको भए पनि पछिल्ला वर्षमा दुर्लभ रूपमा देखिने गरेको थियो। मलामी जाने क्रममा स्थानीय उपेन्द्र पण्डितले देवघाटको गैंडाकोटतर्फको बगरमा घाम तापिरहेको घडियाल गोही देखेपछि पत्रकार रमेशकुमार पौडेललाई जानकारी दिए। मलामी गएका

पत्रकार पौडेलले केहीदिन अघि स्थानीय बोटेले नदी बगरमा गोही देखेको बताए। ‘चितवन राष्ट्रिय निकुञ्जका पूर्वसहायक संरक्षण अधिकृत स्वर्गीय वेदबहादुर खड्काले निकुञ्जमा कार्यरत रहँदा देवघाट नजिकको नारायणी र कालीगण्डकी किनार घडियाल गोहीका लागि उपयुक्त बासस्थान रहेको बताउनुभएको थियो। प्रदुषण बढ्दै गएपछि



यो क्षेत्रमा घडियाल गोही देख्न छाडिएको उहाँले बताउनुहुन्थ्यो’, उनले भने।

निकुञ्जका सहायक संरक्षण अधिकृत एवं सूचना अधिकारी अविनास थापा मगरले घडियाल गोही बगेको सफा पानीमा बस्ने, माछा खाने प्राणीका रूपमा रहेको बताए। नदी र खोलामा भएको प्रदूषण, मानवीय अतिक्रमण र माछाको कमीले घडियाल हराउँदै गएका उनको बुझाइ छ।

स्थानीय बोटे समुदायका अनुसार देवघाट र वरपरको क्षेत्रमा करिब ३५ वर्षयतादेखि घडियाल गोही देखिन छोडेको थियो। निकुञ्जका सूचना अधिकारी मगरले भने,‘यहाँका ज्येष्ठ नागरिकका भनाइअनुसार झण्डै ३५ वर्षयतादेखि देवघाट क्षेत्रमा घडियाल देखिएको थिएन। अहिले देखिएको गोही यहाँको रैथाने हो वा अन्यत्रबाट आएको हो अध्ययन गर्नुपर्ने छ।’

घडियाल संरक्षणका लागि चितवन राष्ट्रिय निकुञ्जको कसरामा प्रजनन केन्द्र रहेको छ। जहाँ राप्ती र नारायणी नदी किनारमा जोखिममा रहेका गुँडबाट अण्डा संकलन गरी यहाँ ल्याएर बच्चा हुर्काउने गरिन्छ। हुर्किएका बच्चालाई पुनः नदीहरूमा छाड्ने गरिएको छ। विगतमा कालीगण्डकीमा समेत हुर्किएका घडियाल गोही छाडिँदै आउने भए पनि संरक्षण हुन नसकेपछि निकुञ्ज आसपासका राप्ती र नारायणी नदीमा मात्रै छोड्ने गरिएको थापा मगरले बताए।

पछिल्लो पटक गत पुसमा सार्वजनिक भएको गणना अनुसार राप्तीमा २ सय ३१ र नारायणीमा १ सय ३५ घडियाल गोही फेला परेका छन्। देवघाट क्षेत्रमा गोही नदेखिने भएकाले पछिल्ला वर्षहरूमा गणना हुन छाडेको मगरले बताए। देवघाटमा गोही देखिनुलाई महत्वका साथ हेरिएको भन्दै उनले यसबारे थप अध्ययन गरिने जानकारी दिए।

# जैमिनीमा कृषि संकलन केन्द्र निर्माण

**बागलुङ/मस-** स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने उद्देश्यले जैमिनी नगरपालिका-३ दमेकमा कृषि संकलन केन्द्र निर्माण गरिएको छ। जैमिनी-३ को रु तीन लाख १२ हजार लागतमा कृषि संकलन केन्द्र निर्माण गरिएको हो।

दमेकमा उत्पादन हुने आलु, भाँगो, जडीबुटीलगायत सामग्री संकलन, बजारीकरण गर्नेलगायत उद्देश्यले भवन निर्माण गरिएको वडाध्यक्ष कृष्णबहादुर भुजेलले जानकारी दिए।

‘हाम्रो उद्देश्य यहाँको स्थानीय उत्पादन संकलन गरी बजारीकरणसँगै प्रवर्द्धन गर्ने हो। वडा नं ३ मा उत्पादिन सामग्री यहाँ संकलन गरिन्छ, त्यसपछि जैमिनी नगरपालिकाको कृषि एम्बुलेन्समा राखेर बिक्री गर्न पठाइन्छ’ उनले भने, ‘कृषि सामग्री संकलनका लागि घरघर जान नपरोस् भन्ने



उद्देश्यले यो काम थालेका छौं।’

यसअघि कृषि संकलन केन्द्र नहुँदा कृषि उत्पादनले बजार पाउन नसकेका बताउँदै उनले किसानलाई बिक्रीका लागि असहज हुँदै आएकामा अब समस्या समाधान हुने विश्वास व्यक्त गरे। उनले भने, ‘अब यसले यहाँका हरेक कृषकलाई आम्दानीसँग जोड्न सहयोग गर्नेछ।’

स्थानीय भैरवप्रसाद सापकोटाले यहाँ संकलन केन्द्र अतिआवश्यक रहेको बताए। उनले भने, ‘किसानलाई आम्दानीसँगै जोड्न तथा कृषि उत्पादनको बजारीकरणसँगै प्रवर्द्धनका लागि पनि आवश्यक थियो। ठिक ठाउँ र समयमा केन्द्र निर्माण गरी सञ्चालनमा आएपछि किसान प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्।’

कृषि पेसा गर्दै आउनुभएका उनले गाउँमा सडक, यातायातको पहुँच विस्तार भएसँगै कृषि उत्पादनमा प्रगति भइरहेको भन्दै केन्द्रले बजारीकरणमा सघाउने विश्वास व्यक्त गरे।

# होलीमा उच्छृंखल गतिविधि गर्ने ६ जना पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २० फागुन

रङहरूको पर्व होलीका अवसरमा रौतहट जिल्लाका विभिन्न स्थानमा उच्छृंखल गतिविधि गर्ने र निर्वाचन आचारसंहिता विपरीत सञ्चालन भएका सवारी साधनमाथि जिल्ला प्रहरी कार्यालय रौतहटले कडा निगरानी र कारबाही सुरु गरेको छ।

होली पर्व मनाउने क्रममा मादक पदार्थ सेवन गरी सर्वसाधारणलाई त्रसित बनाउने अराजक गतिविधि गर्ने र सार्वजनिक शान्ति सुरक्षामा खलल पुऱ्याउने ६ जना व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको हो। जिल्लाको सुरक्षा व्यवस्थालाई मजबुत बनाउन खटिएको विशेष टोलीले उनीहरूलाई पक्राउ गरेको हो।

होलीको सुरक्षा सतर्कतासँगै प्रहरीले आसन्न निर्वाचनलाई मध्यनजर गर्दै सर्च अपरेसन लाई समेत तीव्रता दिएको छ। सोही क्रममा निर्वाचन आचारसंहिताको उल्लंघन गर्दै सञ्चालन गरिएका ४० वटा विदेशी (भारतीय) नम्बर प्लेटका सवारी साधन प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रहरीका अनुसार चुनावी अवधिमा अनुमति विना विदेशी नम्बरका सवारी साधन प्रयोग गरी प्रचारप्रसार वा आवतजावत गर्न पाइने छैन। नियन्त्रणमा लिइएका ती सवारी साधनहरूका सम्बन्धमा थप अनुसन्धान भइरहेको र आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइने जानकारी दिए।

चाडपर्वको नाममा हुलहुज्जत



गर्ने मादक पदार्थ सेवन गरी सवारी चलाउने र समाजमा अशान्ति फैलाउने जोकोहीलाई पनि शून्य सहनशीलताको नीति अपनाएर कारबाही गरिनेछ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक बिष्णु प्रदीप बस्यालका अनुसार होली पर्वलाई सभ्य र सुरक्षित बनाउन जिल्लाभर व्यापक प्रहरी परिचालन गरिएको छ। मुख्य चोक, बजार र संवेदनशील क्षेत्रमा सादा पोसाक र बर्दीधारी प्रहरीको गस्ती बढाइएको छ, मापसे र लागुपदार्थ सेवन गरी सवारी चलाउनेहरूलाई निरुत्साहित गर्न ठाउँ-ठाउँमा चेकपोइन्ट राखिएको छ।

चुनावी सरगर्मी बढिरहेका बेला सीमावर्ती क्षेत्रबाट हुन सक्ने घुसपैठ र अवैध गतिविधि रोक्न निगरानी कडा पारिएको छ।

प्रहरीले आम नागरिकलाई कानुनको पालना गर्दै मर्यादित रूपमा होली पर्व मनाउन अपिल गरेको छ। कसैले नियम उल्लंघन गरेमा वा सामाजिक सद्भाव बिगार्ने प्रयास गरेमा तत्काल पक्राउ गरी प्रचलित कानुन बमोजिम कडा कारबाही गरिने चेतावनी समेत प्रहरीले दिए।

# सौन्दर्यकरणका लागि गलेश्वरको सडकमा ‘स्लेट’ ढुंगा बिछ्याउन सुरु

**म्याग्दी/मस-** बेनी नगरपालिका-९ स्थित म्याग्दीको प्रमुख धार्मिक पर्यटकीयस्थल गलेश्वरको बजारभित्रको सडकमा ढुंगाको स्ल्याप बिछ्याउन थालिएको छ। हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुको साझा तीर्थस्थल मुस्ताङको मुक्तिनाथ प्रवेशद्वार मानिने गलेश्वरको बजारभित्रको सडक र पदमार्गलाई मौलिक, व्यवस्थित र सुन्दर बनाई पर्यटक र भक्तजन आकर्षित गर्न सौन्दर्यकरण योजना सञ्चालन भएको हो। ६४ लाख सात हजार लागत अनुमान गरिएको गलेश्वर बजार सौन्दर्यकरण योजना निर्माणका लागि गत मंसिर महिनामा रिभर इडेग इन्जिनियरिङ एण्ड बिल्डर्सले ४८ लाख ७४ हजार २ सय ७७ मा ठेक्का सम्झौता गरेको थियो।

योजनामार्फत गलेश्वर मन्दिरको प्रवेशद्वारदेखि बसपार्कतर्फ ढुंगा बिछ्याउने काम सुरु भएको बेनी नगरपालिका-९ का वडाध्यक्ष चक्र केसीले जानकारी दिए।

गलेश्वर बजार सौन्दर्यकरण योजना बेनी नगरपालिकाको गौरवको आयोजना हो। गलेश्वर शिवालय क्षेत्र विकास कोष र बेनी नगरपालिकाको लागत साझेदारीमा गत वर्षदेखि सुरु भएको यो योजनाले चालु आर्थिक वर्षमा पनि निरन्तरता पाएको छ।

यस वर्ष दुई ९५ मिटर दूरी सडकमा एक हजार सात सय १८ दशमलव पाँच घनमिटर ‘स्लेट’ ढुंगा बिछ्याउने र ३० मिटर लामो नाली निर्माण हुने बेनी



नगरपालिकाका सब इञ्जिनियर मिलन केसीले बताउनुभयो। गत वर्ष गलेश्वर प्रवेशद्वारदेखि मन्दिरतर्फ १०६ मिटर दूरीमा सात हजार १०० घनमिटर ढुंगा बिछ्याउनुका साथै ५३ घनमिटर पर्खाल र २० मिटर पलम नाली निर्माण भएको छ।

सडकलाई सम्माउने, नाली र पर्खाल बनाएर भुईंमा ढलान र कालोपत्रको विकल्पमा दुई इञ्च बाक्लो ‘कटिङ’ ढुङ्गा बिछ्याएर सिमेन्टले जमाउने काम भैरहेको छ। मुक्तिनाथ र मुस्ताङ जाने आउने पर्यटक तथा भक्तजनलाई गलेश्वरमा भित्र्याउने र उनीहरुको बसाइँ लम्बाउने उद्देश्यले सुरु गरिएको सौन्दर्यकरणको योजनालाई निरन्तरता दिने वडाध्यक्ष केसीले बताए।

गलेश्वर बजारभित्रको सडकमा ढुंगा बिछ्याएपछि सार्वजनिक यातायातका साधन बजार बाहिरको कालीगण्डकी कोरिडोरको सडकबाट मात्र आवतजावतको व्यवस्था मिलाइने उनले बताए।

भुइँमा बिछ्याइने ढुंगामा असर नपर्ने गरे बजारभित्र निर्माण सामग्री र उपभोग्य सामग्री आपूर्तिका सवारीसाधन सञ्चालन गर्न मिल्ने गरी संरचनाको ढाँचा गरिएको छ।

कालीगण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलको एउटै विशाल चट्टानमाथि रहेको गलेश्वर मन्दिरमा पूजाआजा र दर्शन गर्नाले मनोकांक्षा पूरा हुने र पुण्य मिल्ने धार्मिक विश्वास छ।

हिन्दूधर्म ग्रन्थमा सतिदेवीको गला पतन भएर गलेश्वर नाम रहन गएको उल्लेख गरिएको यस मन्दिरमा साउन महिनाको सोमबार, बालाचर्तुदशी र शिवरात्रि पर्वमा विशेष मेला लाग्ने छ। दैनिक नित्य पूजाआजा हुने गर्छ।

# बाख्रामा ‘पिपीआर’ रोगको संक्रमण पुष्टि

**कञ्चनपुर/मस-** सुदूरपश्चिम प्रदेशका कैलाली र कञ्चनपुर जिल्लामा ‘बाखाको हैजा’ भनेर चिनिने पिपीआर रोगको संक्रमण पुष्टि भएको छ।

पशुपन्छी अन्वेषण प्रयोगशाला धनगढीमा गरिएको परीक्षणअनुसार कैलालीको धनगढी उपमहानगरपालिका तथा कञ्चनपुरको पुनर्वास नगरपालिका र शुक्लाफाँटा नगरपालिकाबाट सङ्कलित नमूनाको नतिजा ‘पोजेटिभ’ आएको हो।

प्रयोगशालाका वरिष्ठ पशु चिकित्सक नरेशप्रसाद जोशीका अनुसार व्यावसायिक फार्म र स्थानीय किसानले पालेका बाख्रामा पिपीआरको संक्रमण देखिएको छ। अनुसन्धानका क्रममा भारतबाट क्वारेन्टाइन प्रक्रिया पूरा नगरी अवैध रूपमा ल्याइएका बोकाहरूबाट संक्रमण फैलिएको पुष्टि भएको जनाइएको छ। वरिष्ठ पशु चिकित्सक जोशीले गैरकानुनी रूपमा नेपाल भित्र्याइएका ती बोकाबाटै स्थानीय बथानमा पिपीआरको विषाणु सरेको हुनसक्ने बताए।



सीमानाकामा हुने स्वास्थ्य जाँचलाई छलेर ल्याइएका पशुका कारण अहिले स्वस्थ बाख्रासमेत जोखिममा परेका छन्। पिपीआर अत्यन्त संक्रामक विषाणुजन्य रोग भएकाले छोटो समयमै ठूलो संख्यामा फैलिन सक्ने र उच्च मृत्युदर निम्त्याउन सक्ने खतरा रहेको पशु प्राविधिकहरू बताउँछन्।

यस अवस्थालाई मध्यनजर गर्दै पशु सेवा कार्यालय र प्रयोगशालाले किसानलाई जैविक सुरक्षा उपाय कडाइका साथ अपनाउन आग्रह गरेका छन्। नयाँ पशु खरिद गर्दा अनिवार्य स्वास्थ्य परीक्षण गराउन र कम्तीमा २१ दिनसम्म छुट्टै राखेर मात्र पुरानो बथानमा मिसाउन सुझाव दिइएको छ।

खोरमा रहेका बाख्रामा कडा ज्वरो आउने, मुखमा घाउ देखिने, आँखा-नाकबाट पानी बग्ने वा झाडापखाला लाग्नेजस्ता लक्षण देखिएमा ढिलाइ नगरी नजिकको पशु प्राविधिक वा भेटेरिनरी अस्पतालमा सम्पर्क गर्न अनुरोध गरिएको छ।

अवैध पशु ओसारपसारका कारण देखिने यस्ता महामारीले समग्र पशुपालन क्षेत्रलाई नै गम्भीर असर पार्ने भएकाले सीमावर्ती क्षेत्रमा निगरानी कडा पार्नुका साथै किसान स्वयं सचेत हुनुपर्ने आवश्यकता औंल्याइएको छ।

# ओस्कारको ओरालो यात्रा



**काठमाडौं/एजेन्सी–** हलिउडको सबैभन्दा प्रतिष्ठित एकेडेमी अवाड्र्स (ओस्कार)को चमक पछिल्लो समय फिक्का हुँदै गएको छ । कुनै समय करोडौं दर्शकलाई टेलिभिजन सेटमा झुम्न बाध्य पार्ने यो समारोह अहिले आफ्नो साख र दर्शक संख्या जोगाउन संघर्षरत छ । तथ्यांकहरूलाई केलाउने हो भने सन् १९९८ ओस्कारका लागि इतिहासकै सबैभन्दा सफल र स्वर्ण वर्ष साबित भएको देखिन्छ, जहाँबाट यसको ओरालो यात्रा सुरु भएको थियो ।

### सन् १९९८ : जब ओस्कारले इतिहास रच्यो

७०औं ओस्कार समारोह हलिउडको इतिहासमै एउटा 'महोत्सव' जस्तो थियो । उक्त वर्ष जेम्स क्यामरुनको चलचित्र 'टाइटानिक'ले १४ विधामा मनोनयन पाएर ११ वटा ओस्कार जितेर कीर्तिमान कायम गरेको थियो । क्यामरुनले ओस्कारको ट्रफी समात्दै गर्दा 'म संसारको राजा हुँ' भन्दै गरेको गर्जन आज पनि धेरैको मानसपटलमा ताजा छ ।

त्यस वर्षको समारोहलाई अमेरिकामा मात्र ५ करोड ७० लाख मानिसले प्रत्यक्ष हेरेका थिए, जुन अहिलेसम्मकै उच्च रेकर्ड हो । यो संख्या सन् २००४ मा चर्चित सिटकम 'फ्रेन्ड्स'को अन्तिम शृंखला हेर्ने दर्शकभन्दा पनि ४५ लाखले बढी थियो । स्टेजमा ९ फिट ७ इन्च अग्लो 'बार्ट द बियर' (भालु) को उपस्थिति, सेलिना डियोन र माइकल बोल्टनका पावर ब्यालेडहरू र हलिउडका दिग्गज कलाकारहरूको 'फ्यामिली फोटो'ले उक्त रातलाई अविस्मरणीय बनाएको थियो ।



### किन घट्दैछन् दर्शक ?

सन् १९९८ पछि ओस्कारको दर्शक संख्यामा भारी गिरावट आएको छ । सन् १९९९ मा ४ करोड ६० लाखमा झरेको दर्शक संख्या सन् २०२१ को कोभिड महामारीका बेला इतिहासकै न्यून विन्दु अर्थात् १ करोडमा खुम्चिएको थियो । गत वर्ष यो संख्या २ करोड पुगे पनि टाइटानिकको समयको तुलनामा यो एक तिहाइ मात्र हो ।

यस गिरावटको पछाडि मुख्य तीन कारणहरू देखिएका छन् । पहिलो सिनेमाप्रतिको घट्दो रुचि । दोस्रो स्ट्रिमिङ प्लेटफर्मको उदयसँगै टेलिभिजनमा प्रत्यक्ष प्रसारण हेर्ने बानीमा आएको परिवर्तन र तेस्रो अवार्ड कार्यक्रमको शैली र यसको 'उत्ताउलोपन' ।

विज्ञहरूका अनुसार ओस्कारको लोकप्रियता घट्नुको एउटा प्रमुख कारण 'व्यावसायिक सफलता' र 'ओस्कारको प्रतिष्ठा'बीचको बढ्दो दूरी हो । सन् १९९० को दशकमा 'डान्सेस विथ उल्भ्स', 'फरेस्ट गम्प' र 'टाइटानिक' जस्ता फिल्महरूले एकातिर अर्बौंको कमाइ गर्थे भने अर्कोतिर ओस्कार पनि जित्थे । आम दर्शकले मन पराएका फिल्मले अवार्ड जित्दा दर्शकको चासो पनि बढी हुन्थ्यो ।

तर अहिले ओस्कारमा प्रायः साना बजेटका र सीमित दर्शकले मात्र रुचाउने फिल्महरूको वर्चस्व देखिन थालेको छ । उदाहरणका लागि, सन् २०१० मा अर्बौं कमाउने 'अवतार'लाई पछि पार्दै १५ करोड डलर मात्र बजेट भएको 'द हर्ट लकर'ले उत्कृष्ट फिल्मको अवार्ड जितेको थियो । गत वर्षको विजेता फिल्म 'अनोर'को बजेट मात्र ६० लाख डलर थियो ।

### भविष्यको चुनौती

अहिले हलिउडका ठुला स्टुडियोहरू सुपरहिरो फिल्म र ब्लकबस्टर बनाउन केन्द्रित छन्, जसले ओस्कारमा खासै स्थान पाउँदैनन् । ओस्कार अब केवल ' प्रेस्टिज' फिल्महरूमा सीमित भएको छ, जसले गर्दा सर्वसाधारण दर्शक यसबाट टाढिँदै गएका छन् ।

यद्यपि, ओस्कार आयोजकहरूले नयाँ रणनीतिका साथ दर्शक फर्काउने प्रयास गरिरहेका छन् । सन् २०२८ देखि यो समारोह एबिसी च्यानल छोडेर युट्युबमा प्रसारण हुने तयारीमा छ । के नयाँ पुस्तालाई लक्षित गरी गरिएको यो परिवर्तनले ओस्कारलाई पुरानै लयमा फर्काउला ? यो भने भविष्यले नै बताउनेछ । *(बिबिसीबाट अनुवाद गरिएको)*

**मध्यपूर्व तनाव**

# 'कुमा सागर एन्ड द ख्वपः'को अमेरिका टुर स्थगित



**काठमाडौं/मस–** नेपालको चर्चित सांगीतिक समूह 'कुमा सागर एन्ड द ख्वपः' को पूर्वनिर्धारित अमेरिकाको सांगीतिक भ्रमण (टुर) स्थगित भएको छ । ब्यान्डले बुधबार आफ्नो आधिकारिक सामाजिक सञ्जालमार्फत सूचना जारी गर्दै अन्तर्राष्ट्रिय उडानमा देखिएको अवरोधका कारण भ्रमण तालिका कार्यान्वयन गर्न नसकिएको जनाएको हो ।

जारी सूचनाअनुसार मध्यपूर्व क्षेत्रमा चर्किएको द्वन्द्वका कारण केही अन्तर्राष्ट्रिय विमानस्थलहरू बन्द भएका छन् भने विभिन्न गन्तव्यतर्फका उडानहरू स्थगित वा प्रभावित बनेका छन् । यही अप्रत्याशित परिस्थितिले गर्दा कलाकार र ब्यान्डका सदस्यहरू निर्धारित समयमै अमेरिका प्रस्थान गर्न असमर्थ बनेको स्पष्ट पारिएको छ ।

भ्रमण स्थगनसँगै अमेरिकाको टेक्सास राज्यको डलासमा मार्च ६ मा आयोजना हुने तय भएको 'टेक्सास लाइभ' कन्सर्ट पनि रद्द गरिएको ब्यान्डले जनाएको छ । कार्यक्रमका स्थानीय आयोजकहरूले समेत सामाजिक सञ्जालमार्फत कन्सर्ट रद्द भएको औपचारिक पुष्टि गर्दै दर्शकहरूलाई जानकारी गराएका छन् ।

डलासमा हुने उक्त प्रस्तुति ब्यान्डको अमेरिका टूरअन्तर्गतको प्रमुख कार्यक्रम मानिएको थियो । तयारी अन्तिम चरणमा पुगेको अवस्थामा अचानक उडान अवरोध सिर्जना भएपछि कार्यक्रम निरस्त गर्नुपरेको जनाइएको छ ।

कन्सर्टका लागि अग्रिम टिकट खरिद गरिसकेका दर्शकहरूले आफूले टिकट किनेको आधिकारिक माध्यम वा प्लेटफर्मबाटै रकम फिर्तासम्बन्धी जानकारी प्राप्त गर्नेछन् । आयोजकले रिफन्ड प्रक्रिया छिट्टै सुरु हुने र त्यसबारे विस्तृत सूचना सार्वजनिक गरिने बताएका छन् ।

ब्यान्डको आधिकारिक पृष्ठअनुसार, गतसाता नै ब्यान्डका सबै सदस्यहरूले अमेरिकाको भिसा प्राप्त गरिसकेका थिए । आवश्यक प्रशासनिक प्रक्रिया पूरा भइसकेको अवस्थामा पनि अन्तर्राष्ट्रिय उडान व्यवस्थामा देखिएको समस्या मुख्य अवरोध बनेको उल्लेख गरिएको छ ।

ब्यान्ड र आयोजक दुवैले संयुक्त रूपमा दर्शकप्रति असुविधाप्रति क्षमायाचना गरेका छन् । अप्रत्याशित र आफूहरूको नियन्त्रणभन्दा बाहिरको परिस्थितिका कारण कार्यक्रम रद्द गर्नुपरेको भन्दै उनीहरूले दर्शकहरूको समझदारी र साथको अपेक्षा गरेका छन् ।

अमेरिका भ्रमणका नयाँ मिति वा पुनः तालिकाबारे भने हालसम्म कुनै जानकारी सार्वजनिक गरिएको छैन । परिस्थिति सामान्य बनेपछि नयाँ मिति तय गरी जानकारी गराइने सम्भावना रहेको जनाइएको छ ।

# सऱ्यो 'टक्सिक'को प्रदर्शन



दक्षिण भारतीय सुपरस्टार यश अभिनीत बहुप्रतीक्षित फिल्म 'टक्सिक : अ फेयरिटेल फर ग्रोन-अप्स'को प्रदर्शन मिति औपचारिक रूपमा स्थगित गरिएको छ । यसअघि १९ मार्च २०२६ (चैत ५, २०८२) बाट विश्वव्यापी प्रदर्शन गर्ने तयारी गरिएको फिल्म अब ४ जुन २०२६ (२१ जेठ २०८३) देखि प्रदर्शनमा आउने निर्माण टिमले जनाएको छ ।

फिल्मको प्रदर्शन मिति परिवर्तनको मुख्य कारण मध्यपूर्व क्षेत्रमा बढेको तनावलाई मानिएको छ । अमेरिका र इजरायलले इरानमाथि गरेको संयुक्त आक्रमणपछि सो क्षेत्रमा विकसित सुरक्षा तथा राजनीतिक परिस्थितिले अन्तर्राष्ट्रिय बजारमा असर पार्न सक्ने आँकलन गर्दै निर्माण पक्षले मिति सार्ने निर्णय गरेको हो ।

अभिनेता तथा निर्माता यशले बुधबार सामाजिक सञ्जालमार्फत निर्माण टिमको आधिकारिक वक्तव्य सार्वजनिक गर्दै नयाँ रिलिज मिति घोषणा गरेका हुन् । वक्तव्यमा भनिएको छ, 'टक्सिक : अ फेयरिटेल फर ग्रोन-अप्स हामीले विश्वव्यापी दर्शकलाई ध्यानमा राखेर परिकल्पना गरेको फिल्म हो । कन्नड र अंग्रेजी भाषामा छायांकन गरिएको यो फिल्म देशभित्रका मात्र होइन, विश्वभरका दर्शकसँग जोडिने विश्वासका साथ निर्माण गरिएको हो ।'

उक्त वक्तव्यमा मार्च १९ मा फिल्म प्रदर्शन गर्न टोली उत्साहित रहेको उल्लेख गर्दै वर्तमान अनिश्चित परिस्थितिले 'सम्भव भएसम्म धेरै दर्शकसम्म पुग्ने लक्ष्यमा असर पर्ने अवस्था सिर्जना भएको' जनाइएको छ ।

निर्माण पक्षले मध्यपूर्व क्षेत्र भारतीय फिल्मका लागि महत्वपूर्ण बजार भएकाले त्यहाँको अस्थिरताले समग्र व्यापारमा प्रतिकूल प्रभाव पार्न सक्ने मूल्यांकन गरेको छ । त्यसैकारण अवस्था सामान्य हुने अपेक्षासहित फिल्मको रिलिज जुनसम्म सारिएको जनाइएको छ ।

'हाम्रा साझेदार र दर्शकको हितलाई ध्यानमा राख्दै कठिन भए पनि सोचविचार गरेर प्रदर्शन मिति सार्ने निर्णय गरेका छौं । तपाईंहरूको बुझाइ र धैर्यका लागि धन्यवाद दिन चाहन्छौं र आगामी दिनमा पनि माया र समर्थन रहने आशा गरेका छौं ।'

गितु मोहनदासद्वारा निर्देशित यो फिल्म उच्च लागतमा निर्माण भइरहेको परियोजनामध्ये एक मानिन्छ । अन्तर र्ाष्ट्रिय स्तरमा प्रस्तुत गर्ने लक्ष्यसहित विभिन्न भाषामा तयार पारिएको फिल्मलाई विश्व बजारमा एकैसाथ उतार्ने योजना छ ।

फिल्ममा यशसँगै नयनतारा, कियारा आडवाणी, हुमा कुरेशी, रूक्मिणि वसन्त र तारा सुतारिया पनि मुख्य भूमिकामा छन् । बहुभाषिक स्वरूप, स्टारकास्ट र कथावस्तुका कारण फिल्मलाई सन् २०२६ को बहुप्रतीक्षित भारतीय परियोजनामध्ये एकका रूपमा हेरिएको छ ।

'टक्सिक' को प्रदर्शन मिति सारिएसँगै मार्च १९ मा रिलिज हुने तयारीमा रहेको 'धुरन्धर २'का लागि भने यो सकारात्मक खबर बनेको छ । रणवीर सिंह अभिनीत उक्त फिल्म यसअघि यशको फिल्मसँग प्रत्यक्ष प्रतिस्पर्धामा उत्रने सम्भावना थियो ।

अब 'टक्सिक' पछि सरेपछि निर्देशक आदित्य धरको जासुसी थ्रिलर 'धुरन्धर २' सोही मितिमा एकल प्रदर्शन हुने सम्भावना बढेको छ ।

भारतीय फिल्म उद्योगमा पछिल्लो समय अन्तर्राष्ट्रिय बजारलाई ध्यानमा राखेर रिलिज रणनीति बनाउने क्रम बढ्दो छ । विशेषगरी मध्यपूर्व, उत्तर अमेरिका र युरोपेली बजारमा भारतीय फिल्मको माग उच्च छ । यस्तो अवस्थामा अस्थिर भूराजनीतिक परिस्थितिले बक्स अफिसमा प्रभाव पार्न सक्ने भएकाले निर्माण पक्षले सुरक्षित समय रोजेको देखिन्छ ।

यशको करिअरका लागि समेत 'टक्सिक' महत्वपूर्ण परियोजना मानिएको छ । त्यसैले निर्माण टिमले हतारमा भन्दा उपयुक्त वातावरणको प्रतीक्षा गर्दै फिल्मलाई अधिकतम दर्शकमाझ पुऱ्याउने रणनीति अपनाएको बुझिन्छ ।

अब सबैको नजर ४ जुन २०२६ मा केन्द्रित भएको छ, जब 'टक्सिक : अ फेयरिटेल फर ग्रोन-अप्स' विश्वभर एकसाथ प्रदर्शनमा आउने तयारीमा छ ।

# मध्यपूर्व तनावले लिग–२ को सिरिज स्थगित




**काठमाडौं/मस–** आगामी सातादेखि काठमाडौंमा सुरु हुने तय भएको आइसिसी विश्वकप लिग-२ अन्तर्गत नेपाल, ओमान र युएईबीचको त्रिकोणात्मक एकदिवसीय सिरिज स्थगित भएको छ। मध्यपूर्व क्षेत्रमा विकसित पछिल्लो परिस्थितिका कारण प्रतियोगिता तत्कालका लागि रोकिएको नेपाल क्रिकेट संघ (क्यान)ले आधिकारिक रूपमा जनाएको छ।

क्यानले बुधबार विज्ञप्ति जारी गर्दै मार्च १० देखि कीर्तिपुरस्थित त्रिवि अन्तर र्राष्ट्रिय क्रिकेट मैदानमा सुरु हुने भनिएको सिरिज अर्को सूचना नआएसम्मका लागि स्थगित गरिएको जानकारी दिएको हो। सिरिजमा आयोजक नेपालसँगै ओमान र युएईले प्रतिस्पर्धा गर्ने तालिका थियो।

मध्यपूर्व क्षेत्रमा देखिएको असहज परिस्थितिका कारण त्यहाँका विभिन्न हवाई मार्गहरू प्रभावित बनेका छन्। अन्तर्राष्ट्रिय उडानहरू नियमित रूपमा सञ्चालन हुन नसक्दा ओमान र युएईका टोली निर्धारित समयमै नेपाल आइपुग्ने विषय अन्योलमा परेको थियो।

सिरिजका लागि दुवै टोली शुक्रबारसम्म काठमाडौं आइपुग्ने तालिका भए पनि हवाई सेवा प्रभावित भएपछि यात्रा व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको क्यान स्रोतले जनाएको छ। यही परिस्थितिलाई ध्यानमा राख्दै प्रतियोगिता स्थगित गर्ने निर्णय गरिएको हो।

क्यानका प्रवक्ता छुम्बी लामाले जारी गरेको सूचनामा भनिएको छ, 'मध्यपूर्वको वर्तमान अवस्थालाई मध्यनजर गर्दै काठमाडौंमा मार्च १० देखि सुरु हुने भनिएका सिडब्ल्युसी लिग-२ का खेलहरू थप सूचना नआएसम्मका लागि स्थगित गरिएका छन्। ओमान, युएई र नेपालसँग सम्बन्धित खेलहरू प्रभावित भएका छन्। सम्बन्धित निकायहरूसँग परामर्शपछि नयाँ मिति सार्वजनिक गरिनेछ।'

स्थगित भएका खेलहरूको नयाँ मिति तत्काल तय गरिएको छैन। क्यानले आइसिसी र सम्बन्धित देशका क्रिकेट बोर्डहरूसँग छलफल गरी उपयुक्त समयमा संशोधित तालिका सार्वजनिक गर्ने जनाएको छ।

सिरिज स्थगनसँगै तीनवटै टोलीको तयारी तालिका प्रभावित भएको छ। विशेषगरी घरेलु मैदानमा महत्वपूर्ण अंक बटुल्ने लक्ष्य राखेको नेपालका लागि यो स्थगन रणनीतिक रूपमा संवेदनशील मानिएको छ।

सिरिजलाई लक्षित गर्दै नेपालले २० सदस्यीय प्रारम्भिक टोली घोषणा गरिसकेको थियो। टोली हाल बन्द प्रशिक्षणमा व्यस्त रहेको थियो। घरेलु समर्थकको साथमा लिग-२ मा सुधारिएको प्रदर्शन गर्ने अपेक्षा गरिएको थियो।

आइसिसी विश्वकप लिग-२ अन्तर्गतको अंक तालिकामा नेपाल हाल २० खेलबाट १२ अंक जोडेर सातौं स्थानमा छ। पुछारमा रहेको युएईको १० अंक छ भने ओमान २४ अंकसहित चौथो स्थानमा छ।

घरेलु सिरिज नेपालका लागि अंक तालिकामा उक्लने महत्वपूर्ण अवसरका रूपमा हेरिएको थियो। तर अन्तर्राष्ट्रिय परिस्थिति प्रत्यक्ष रूपमा खेल तालिकामा असर पुर्‍याएपछि प्रतियोगिता अनिश्चितकालका लागि स्थगित भएको हो।

त्रिवि क्रिकेट मैदानमा हुने अन्तर्राष्ट्रिय खेलप्रति नेपाली समर्थक सदैव उत्साहित रहँदै आएका छन्। टिकट बिक्री, प्रायोजन र प्रसारण तयारीसमेत अगाडि बढिरहेको अवस्थामा सिरिज स्थगित हुँदा क्रिकेट समर्थकमाझ निराशा छाएको छ।

यद्यपि, क्यानले खेलाडीको सुरक्षा र अन्तर्राष्ट्रिय समन्वयलाई प्राथमिकता दिँदै निर्णय लिइएको स्पष्ट पारेको छ। अब सम्बन्धित पक्षबीचको परामर्शपछि मात्र सिरिजको नयाँ मिति र तालिका सार्वजनिक हुनेछ।

# सन्यास लिने योजनामा छैनन् म्याक्सवेल



**काठमाडौं/एजेन्सी–** अष्ट्रेलियाका अनुभवी अलराउन्डर ग्लेन म्याक्सवेलले आफू अझै केही वर्ष टी-२० अन्तर्राष्ट्रिय क्रिकेट खेल्न इच्छुक रहेको बताएका छन्। ३७ वर्षीय म्याक्सवेलले निकट भविष्यमा करिअर अन्त्यबारे कुनै औपचारिक निर्णय नगर्ने स्पष्ट पार्दै सन् २०२८ मा आयोजना हुने टी-२० विश्वकप र लस एन्जलस ओलम्पिकसम्म पनि खेल्ने सम्भावना रहेको उल्लेख गरेका हुन्।

सन् २०२८ मा अष्ट्रेलियाले घरेलु मैदानमा टी-२० विश्वकप आयोजना गर्नेछ भने त्यसको केही महिनाअघि समर ओलम्पिक्स २०२८ अमेरिकाको लस एन्जलसमा हुनेछ। उक्त समयसम्म म्याक्सवेल ४० वर्षका हुनेछन्। तर उनले शारीरिक अवस्था सुदृढ रहेसम्म राष्ट्रिय टोलीमा योगदान दिन आफू तयार रहेको बताएका छन्।

म्याक्सवेलले अष्ट्रेलियाको घरेलु टी-२० प्रतियोगिता बिग ब्यास लिग (बिबिएल) मा मेलबर्न स्टार्ससँग दुई वर्षको सम्झौता गरेका छन्। यसका साथै उनी यस वर्ष पाकिस्तान सुपर लिग (पिएसएल) र मेजर लिग क्रिकेट (एमएलसी)मा पनि सहभागी हुनेछन्। वर्षको उत्तरार्धमा सुरु हुने युरोप-आधारित नयाँ टी-२० लिगमा उनी एक फ्रेन्चाइजका सह-मालिकसमेत रहेका छन्।

तर हालै सम्पन्न टी-२० विश्वकपमा अष्ट्रेलिया समूह चरणमै सीमित भएपछि र म्याक्सवेलको व्यक्तिगत प्रदर्शन अपेक्षाकृत कमजोर देखिएपछि उनको भविष्यबारे प्रश्न उठ्न थालेका छन्। अष्ट्रेलियाका पूर्वकप्तान रिकी पोन्टिङले समेत सन् २०२८ सम्म म्याक्सवेल टोलीमा नहुन सक्ने धारणा व्यक्त गरेका छन्।

मेलबर्नमा सञ्चारकर्मीसँग कुरा गर्दै म्याक्सवेलले भने, 'अहिलेको अवस्थामा भविष्यबारे कुनै औपचारिक घोषणा गर्नुपर्ने आवश्यकता देख्दिनँ। आगामी १२ महिनामा धेरै टी-२० अन्तर्राष्ट्रिय खेलहरू तय भएका पनि छैनन्। त्यसैले शरीरको अवस्था कस्तो रहन्छ, अवसर कस्ता आउँछन्– त्यसैअनुसार अगाडि बढ्नेछु।'

उनले आफ्नो मूल्यांकन केवल रन र विकेटका तथ्यांकबाट नभई मैदानमा कति चुस्त महसुस गरिरहेको छु भन्ने आधारमा गर्ने बताए। 'विश्वकपको दौरान म क्रमशः राम्रो हुँदै गएको अनुभूति भयो। म आफ्नो भूमिकामा प्रभावकारी थिएँ जस्तो लाग्यो। अझै टोलीलाई दिन सक्ने धेरै कुरा बाँकी छन्,' उनले भने।

हालैको विश्वकपमा म्याक्सवेलले ९, ३१ र २२ रनको पारी खेलेका थिए। उनको स्ट्राइक रेट ११०.७१ मात्र रह्यो, जुन उनको करिअरकै न्यूनमध्ये पर्छ। अक्टोबरयता टी-२० अन्तर्राष्ट्रिय र बिबिएलमा १२ इनिङ्स खेल्दा उनको औसत १५.५५ र स्ट्राइक रेट ११३.८२ रहेको छ। उच्चतम स्कोर ३९ नटआउट रहेको छ।

बलिङतर्फ उनले चार विकेट लिएका छन्, औसत ४५.५ भए पनि इकोनोमी ७.५२ जस्तो सन्तुलित देखिन्छ। उनले विश्वकपमा ओमानविरुद्ध २ विकेट लिँदै १३ रन मात्र दिएका थिए।

अष्ट्रेलियाको आगामी टी-२० अन्तर्राष्ट्रिय श्रृंखला जुनमा बंगलादेशविरुद्ध हुनेछ, जसमा तीन टी-२० र तीन एकदिवसीय खेल समावेश छन्। त्यसपछि पाकिस्तान भ्रमण पनि तालिकामा छ। सन् २०२७ को एकदिवसीय विश्वकपलाई ध्यानमा राख्दै चयनकर्ताहरूले ओडिआई टोली सुदृढ बनाउने र टी-२० मा युवा खेलाडी विकासतर्फ ध्यान केन्द्रित गर्ने संकेत देखिएको छ।

म्याक्सवेलले चयनकर्तासँग नियमित संवाद भइरहेको बताए। 'हामीबीच खुला र लचिलो छलफल भइरहेको छ। यदि म फिट र तयार रहेँ भने, अवसर पाए तुरुन्तै उपलब्ध हुनेछु,' उनले स्पष्ट पारे।

म्याक्सवेल अब पहिलोपटक पिएसएल खेल्दै नयाँ टोली हैदराबाद किंग्समेनमा आबद्ध हुनेछन्। विश्वकप अपेक्षाभन्दा छिटो समाप्त भएपछि प्रतियोगिताबीचको खाली समय उपयोग गर्न उनले पिएसएल रोजेको बताए। 'नयाँ टोलीसँग सुरुवात गर्नु, ब्रान्ड निर्माणको प्रक्रियामा सुरुदेखि नै सहभागी हुनु– मलाई यस्ता अवसर मन पर्छ,' उनले भने।

## बार्सिलोनाको जित व्यर्थ

# एटलेटिको १३ वर्षपछि कोपा डेल रेको फाइनलमा




**काठमाडौं/एजेन्सी–** ऐतिहासिक पुनरागमनको प्रयास अन्तिम क्षणसम्म जीवित राखे पनि बार्सिलोना अन्ततः कोपा डेल रे फुटबलको सेमिफाइनलबाटै बाहिरिएको छ। दोस्रो लेगमा एट्लेटिको मड्रिडमाथि ३-० को सानदार जित निकाले पनि समग्र (एग्रिगेट) नतिजामा ४-३ ले पछि पर्दै साविक विजेता टोलीको उपाधि रक्षा यात्रा टुंगिएको हो।

पहिलो लेगमा ४-० को फराकिलो हार व्यहोरेको बार्सिलोनालाई फाइनल पुग्न कम्तीमा पाँच गोलको आवश्यकता थियो। घरेलु मैदानमा प्रशिक्षक हान्सी फ्लिकको टोली सुरुदेखि नै आक्रामक देखियो र एट्लेटिकोको रक्षापंक्तिलाई निरन्तर दबाबमा राख्यो। खेलको २९औं मिनेटमा युवा स्टार मार्क बर्नालले टोलीलाई अग्रता दिलाए। लामिन यामालको उत्कृष्ट पासमा १८ वर्षीय बर्नालले गोल गर्दै पुनरागमनको संकेत दिएका थिए।

पहिलो हाफको इन्जुरी समयमा पेड्रीलाई पेनाल्टी क्षेत्रभित्र लडाइएपछि बार्सिलोनाले पेनाल्टीको अवसर पायो। ब्राजिलियन फरवार्ड राफिन्हाले उक्त पेनाल्टीलाई सहजै गोलमा परिणत गर्दै अन्तर २-० बनाए। दोस्रो हाफमा पनि बार्सिलोनाको आक्रमण रोकिने संकेत देखिएन। ७२औं मिनेटमा जोआओ कान्सेलोको क्रसमा बर्नालले व्यक्तिगत दोस्रो गोल गर्दै खेल ३-० मा पुर्‍याए। उक्त गोलसँगै बार्सिलोनालाई समग्र नतिजा बराबरी गर्न अब मात्र एक गोलको खाँचो थियो। खेलको अन्तिम १८ मिनेट बार्सिलोनाले पूर्ण रूपमा एट्लेटिकोमाथि दबाब बनायो। जेरार्ड मार्टिनको एक प्रहार गोलपोस्टमाथिबाट बाहिरियो भने अन्य केही अवसरमा एट्लेटिकोका गोलकिपर जुआन मुस्सोले उत्कृष्ट बचाउ गरे।

एट्लेटिकोले भने रक्षात्मक रणनीति अपनाउँदै समग्र अग्रता जोगायो। डिएगो सिमेओनेको टोलीले पहिलो लेगको ४-० को नतिजालाई निर्णायक बनाउँदै १८० मिनेटको खेलमा समग्र सफलता हात पार्‍यो।

सन् २०१२-१३ सिजनपछि पहिलो पटक एट्लेटिको मड्रिड कोपा डेल रे फाइनलमा पुगेको हो। अब उसले अर्को सेमिफाइनलबाट विजेता बन्ने च्भर्बा क्यअष्भमबम वा ब्तजभितष्अ ऋगिद मध्ये एकसँग उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ। खेलपछि राफिन्हाले टोलीको प्रदर्शनप्रति गर्व व्यक्त गरे। उनले ४-० को हार उल्ट्याउनु कठिन रहेको स्वीकार गर्दै पनि टोलीले अन्तिम क्षणसम्म संघर्ष गरेको बताए। बार्सिलोनाले खेलमा आक्रामकता देखाए पनि पहिलो लेगको ठुलो अन्तर पूर्ति गर्न नसक्दा प्रतियोगिताबाट बाहिरिन बाध्य भयो। चोटका कारण जुल्स कुन्डे सुरुमै मैदान छाड्नुपर्‍यो भने रोबर्ट लेवान्डोव्स्की यो खेलमा उपलब्ध थिएनन्।

कोपा डेल रेबाट बाहिरिए पनि बार्सिलोना स्पेनिस लिग तालिकाको शीर्ष स्थानमा छ र रियल मड्रिडभन्दा चार अंकले अगाडि छ। एट्लेटिको तेस्रो स्थानमा रहे पनि कप प्रतियोगितामा भने प्रभावशाली प्रदर्शन गर्दै फाइनलसम्म पुगेको छ। दुवै टोली युरोपेली प्रतियोगिता च्याम्पियन्स लिगको अन्तिम १६ मा पनि स्थान बनाउन सफल भइसकेका छन्, जसले सिजन अझ रोमाञ्चक बन्ने संकेत गरेको छ।

बार्सिलोनाका लागि यो जित गौरवको क्षण भए पनि फाइनल पुग्न असफलता ठुलो धक्का सावित भयो। अर्कोतर्फ, एट्लेटिको मड्रिडले धैर्य, अनुशासन र पहिलो लेगको प्रभावकारी प्रदर्शनका आधारमा १३ वर्षपछि पुनः कोपा डेल रे फाइनलको यात्रा तय गर्‍यो।

## प्रिमियर लिग

# पुछारको वुल्भ्ससँग लिभरपुलको हार




**काठमाडौं/मस–** प्रिमियर लिगको अंकतालिकामा पुछारमा रहेको वुल्भरह्याम्प्टन वान्डरर्स (वुल्भ्स) ले मंगलबार घरेलु मैदान मोलिन्यू स्टेडियममा लिभरपुललाई २-१ ले पराजित गर्दै सिजनको सबैभन्दा महत्वपूर्ण र सनसनीपूर्ण जित दर्ता गरेको छ।

खेलको अन्त्य अत्यन्तै नाटकीय रह्यो। वुल्भ्सका लागि पहिलो गोल ७८औं मिनेटमा ब्राजिलियन मिडफिल्डर रोड्रिगो गोमेसले गरेका थिए, जसले टोलीलाई अग्रता दिलाए। तर पाँच मिनेटपछि, ८३औं मिनेटमा लिभरपुलका स्टार फारवर्ड मोहम्मद सालाहले बराबरी गोल फर्काउँदै खेललाई रोमान्चक बनाएका थिए। त्यसपछि खेल इन्जुरी टाइममा पुगेको बेला चौथो मिनेटमा आन्द्रेले टाढाबाट प्रहार गरेको बल डिफ्लेक्ट भएर गोलपोस्टमा पुगेको थियो। यस निर्णायक गोलसँगै वुल्भ्सले २-१ को जित निकाल्दै तीन महत्वपूर्ण अंक जोडेको छ।

वुल्भ्सका प्रशिक्षक रोब एड्वड्र्सले आन्द्रेको गोलपछि साइडलाइनतर्फ दौडिँदै खुसी मनाएका थिए। उनले भने, 'यो लिभरपुल हो। हामी जुनसुकै स्थानमा भए पनि उनीहरूलाई हराउँदा त्यो क्षणको आनन्द लिनैपर्छ। यो हाम्रो सिजनमा दुर्लभ खुसीको क्षण हो।'

यो जितसँगै वुल्भ्सको ३० खेलबाट १६ अंक भएको छ। सिजनको सुरुवातदेखि नै उनीहरूको प्रदर्शन कमजोर रहँदै आएको थियो र उनीहरू अंकतालिकाको पुछारमा रहे पनि पछिल्लो समय टिमले लगातार राम्रो प्रदर्शन देखाइरहेको छ। वुल्भ्सले यसअघि शुक्रबार एस्टन भिल्लालाई २-० ले हराएको थियो र हालै आर्सेनलसँग २-२ को ड्रमा खेलेको थियो।

लिभरपुलका लागि यो हार ठुलो झट्का हो। २९ खेलबाट उनीहरूको ४८ अंक छ र टोली पाँचौं स्थानमा छ। यो हारले अर्को सिजन च्याम्पियन्स लिगको प्रत्यक्ष छनोटमा उनीहरूको अभियानमा चुनौती थपेको छ। प्रशिक्षक आर्ने स्लोटले भने, 'हामी धेरै खेल हारिहेका छौं र अंक गुमाइरहेका छौं। पछिल्ला २२ खेलमध्ये हाम्रा तीन खेल अतिरिक्त समयमा हारिसक्यौं।'

खेलमा गोलहरू खेलको अन्त्यतिरै आएकोले दर्शकहरूका लागि निकै रोमाञ्चक बन्यो। रोड्रिगो गोमेसको अग्रता गोलपछि मोहम्मद सालाहले बराबरी गोल गर्दै खेललाई जीवित राखे। तर आन्द्रेको इन्जुरी टाइमको निर्णायक गोलले वुल्भ्सका समर्थकहरूलाई उत्साहको चरम सीमामा पुर्‍यायो। गोमेसले भने, 'यो अद्‌भूत अनुभव र अद्‌भुत रात थियो। हाम्रो टिमले सिजनको अन्त्यतिर राम्रो लय समात्दै छ।'

वुल्भ्सका लागि यो सिजनको अर्को महत्वपूर्ण तथ्य यो हो कि यो पहिलो पटक हो जब उनीहरूले लगातार दुई खेलमा जित दर्ता गरेका छन्। लिगको सुरुवाती कमजोरीका बाबजुद, उनीहरूले हालैका खेलहरूमा संघर्ष, जुझारूपन र गुणस्तर प्रदर्शन गर्दै अंकतालिकामा माथि चढ्ने प्रयास गरिरहेका छन्। एड्वड्र्सले भने, 'हामी अहिले संघर्ष, जुझारूपन र गुणस्तर देखाइरहेका छौं। हामी सबैसँग प्रतिस्पर्धा गरिरहेका छौं।'

प्रिमियर लिगको अन्य खेलमा एभरटनले बर्नलीलाई २-०, सन्डरल्यान्डले लिड्स युनाइटेडलाई १-० ले पराजित गरेको थियो भने बर्नमाउथ र ब्रेन्टफोर्डबीच गोलरहित बराबरी भएको थियो।

शीर्ष चार टोलीले च्याम्पियन्स लिगको प्रत्यक्ष स्थान पाउँछन्। यद्यपि यस सिजन युरोपेली प्रतियोगितामा अंग्रेजी क्लबहरूको प्रदर्शनका कारण प्रिमियर लिगले पाँचौं टोलीलाई पनि युरोपेली प्रतियोगितामा स्थान दिने सम्भावना बलियो बनेको छ। गत सिजन उपाधि जितेको लिभरपुल अहिले शीर्षस्थानको आर्सेनलभन्दा १६ अंकले पछाडि छ।

वुल्भ्सले यस जितसँगै प्रिमियर लिगमा आफ्नो संघर्षलाई जीवित राख्दै रेलिगेसनको डरबाट केही आशा जगाएको छ। घरेलु मैदानमा शानदार जितले टिम र समर्थक दुवैको मनोबल उच्च बनाएको छ।

# ब्याडमिन्टनप्रति आकर्षण बढ्दो



**तनहुँ/रासस–** तनहुँका युवामा ब्याडमिन्टन खेलप्रति आकर्षण बढेको छ। तनहुँको सदरमुकाम दमौली, शुक्लागण्डकी नगरपालिकाको दुलेगौंडा, खैरेनीटार, गाछेपानी, भिमाद नगरपालिकाको भिमाद बजार, म्याग्दे गाउँपालिकाको थर्पु, धयरेमा ब्याडमिन्टन खेलका लागि कभर्डहल बनेपछि युवाहरू यसतर्फ आकर्षित भएका हुन्।

नियमित रूपमा बिहानदेखि रातिसम्म फुर्सदको समयमा आफूलाई स्वस्थ र तन्दुरुस्त राख्नका लागि युवाहरू समूह मिलाएर ब्याडमिन्टन खेल्ने गर्दछन्। यस खेल युवाहरूको रुचिको पहिलो रोजाइ बनेको खेलाडीहरू बताउँछन्।

युवाहरू चार जनाको जोडी मिलाएर खेल्न सकिने र छोटो समयमा धेरै पसिना आउने भएकाले यस खेलमा युवाहरूको आकर्षण बढेको प्रशिक्षक तथा खेलाडी विपीन घलेले बताए।

जिल्लाका स्थानीय तहहरूले लगानी गरेर कभर्डहल निर्माण गरेपछि भित्र खेल्ने खेल भएकाले हावापानी, घाम तथा अन्य समयमा पनि खेल्न सहज भएको खेलाडी एवं व्यास नगरपालिकाका योजना शाखा प्रमुख भेषराज तिवारीले बताए। व्यास नगरपालिका-१ निवासी प्रदीप न्यौपानेले कार्यालय समयबाहेकको समयमा फुर्सद मिलाएर नियमित रूपमा ब्याडमिन्टन खेल्ने गरेको बताए।

ब्याडमिन्टन प्रतियोगितामा युवाको आकर्षण बढेपछि यहाँ प्रतियोगितासमेत हुने गरेका छन्। ब्याडमिन्टन प्रतियोगितामा धेरै टिमको सहभागिताले यस खेलमा आकर्षण बढेको पुष्टि हुने खेलाडी रामकृष्ण क्षेत्रीले बताए।

म्याग्दे गाउँपालिकाले थर्पुमा म्याटसहितको र धयरेमा कभर्डहल निर्माण गरी खेललाई निरन्तरता दिएको म्याग्दे गाउँपालिका-४ का वडाध्यक्ष दीपककुमार श्रेष्ठले बताए।



# छोमा तालमा रमाउँदै पर्यटक

मुस्ताङको घरपभ्होङ गाउँपालिका–५ स्थित ठिनी गाउँको सिरान र निलगिरि हिमालको काखमा अवस्थित छोमाछो 'आमा' तालमा रमाउँदै आन्तरिक पर्यटक । जोमसोम सदरमुकामदेखि करिब २ घण्टामा पुग्न सकिने उक्त तालमा अत्यधिक चिसोका कारण सेताम्मे बरफ जमेको छ ।

*तस्बिरः सुशीलबाबु थकाली/रासस*

# देशभरका भन्सार नाका बन्द

**मध्यान्ह संवाददाता**
काठमाडौं २० फागुन

आज हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई मध्यनजर गर्दै भारत तथा चीनमा सीमा नाका बन्द छन् । सरकारले देशभरका भन्सार नाकालाई बुधबार बिहान ६ बजेदेखि बिहीबार साँझ ६ बजेसम्म ७२ घण्टाको लागि सिमा नाका बन्द गरेको हो ।



भारत चीनका नाकामा आपतकालीन सेवा बाहेकको आवत जावत नै बन्द गरिएको छ भने भारतबाट आउने सबै सवारी साधनलाई नेपाल प्रवेश रोक गरिएको छ । साथै, नेपालबाट भारततर्फ जाने खाली मालवाहक सवारी साधनलाई भारत प्रवेशको लागि सहजीकरण गरिएको छ ।

भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले निर्वाचनको सुरक्षालाई ध्यानमा राख्दै देशभरका सबै भन्सार नाका बन्द गरिएको बताए। बिहीबार साँझ ६ बजेपछि मात्र सीमा नाका खोलिने उनले बताए । तर, इन्धन, औषधि तथा अस्पतालजन्य सामग्री, हरियो तरकारी र फलफूल बोकेका सवारी साधनलाई भने आवतजावतमा सहजीकरण गरेर प्रवेश गराइने छ ।

निर्वाचनको बेलामा सीमा नाका खुल्ला हुँदा सुरक्षामा संवदेनशीलतालाई आधार बनाएर नाका बन्द गर्ने गरिन्छ। निर्वाचनको अवधिभर सीमा सुरक्षा बढाइएको छ भने सुरक्षा निकायहरूले सीमा नाका सिल गरेको छ ।

# आइटिबीमा पर्यटन सम्भावनालाई पुनर्स्थापना गरिने

**काठमाडौं/मस–** नेपालले जर्मनीमा आयोजित विश्वको अग्रणी ट्राभल ट्रेड शो आइटिबी (इन्टरनेसनल टुरिजम् एक्सचेञ्ज), बर्लिनमा सहभागिता जनाएको छ। यही मार्च ३ तारिखदेखि सुरु भई ५ तारिखसम्म जारी रहने आइटिबी बर्लिनमा नेपालको सहभागिता व्यापारिक उपस्थिति मात्र नभई विश्व पर्यटन बजारमा नेपालको सम्भावनालाई पुनःस्थापित गर्ने रणनीतिक प्रयास भएको पर्यटन बोर्डका वरिष्ठ अधिकृत रोविन रेग्मीले बताए ।

हिमालयका रोमाञ्चक ट्रेकिङ पदमार्गदेखि प्राचीन मन्दिरहरूको सम्पदा, शान्त परिवेश, विविध सांस्कृतिक तथा धार्मिक परम्परा, अनुपम प्राकृतिक सौन्दर्यलगायत अनुभवलाई अन्तरराष्ट्रिय बजारमा प्रभावकारी रूपमा प्रवर्धन गर्ने लक्ष्य बोर्डले अघि सारेको उनले जानकारी दिए ।

बर्लिनस्थित नेपाली दूतावासका कार्यवाहक प्रमुख सागर फुयाँलले नेपाल प्याभिलियनको उद्घाटन र अवलोकन गरेको थिए। कार्यक्रममा बोर्डका वरिष्ठ अधिकृत रेग्मी, सिर्जना नेपाली र शिवराज पाण्डे उपस्थिति थियो ।

बोर्डका वरिष्ठ अधिकृत रेग्मीले भने, 'आइटिबी बर्लिनमा नेपालको सहभागिता अन्तर्राष्ट्रिय साझेदारहरूसँग सम्बन्ध विस्तार गर्ने अवसर मात्र होइन, नेपालको पर्यटन सम्भावनालाई विश्वसामु पुनःप्रस्तुत गर्ने प्रतिबद्धता पनि हो। चुनौतीका बाबजुत नेपाललाई 'घुम्नैपर्ने गन्तव्य'का रूपमा स्थापित गर्न हामी लागिरहेका छौँ ।'

उनका अनुसार नेपाल अब केवल हिमाल आरोहण वा ट्रेकिङमा सीमित गन्तव्य नभई बहुआयामिक अनुभव प्रदान गर्ने समग्र पर्यटन गन्तव्यका रूपमा उभिएको छ । प्याराग्लाइडिङ, बन्जीजम्प, राफ्टिङ, माउन्टेन बाइकिङलगायत साहसिक खेलकुदसँगै ऐतिहासिक दरबार क्षेत्र, प्राचीन मन्दिर, बौद्ध स्तूप र जीवित सांस्कृतिक सम्पदाको अवलोकन गर्न सकिने अवसर नेपालमा उपलब्ध छन् ।

साथै योग ध्यान, आयुर्वेदिक उपचार तथा प्राकृतिक परिवेशमा सञ्चालन हुने 'वेलनेस रिट्रिट'हरूले मानसिक तथा शारीरिक सन्तुलन



खोज्ने पर्यटकलाई आकर्षित गरिरहेका रेग्मीले उल्लेख गरे। समुदायमा आधारित होमस्टे, वातावरणमैत्री रिसोर्ट तथा स्थानीय उत्पादनमा आधारित सेवाले नेपालको पर्यटनलाई दिगो र समावेशी बनाउने प्रयासलाई थप सुदृढ बनाएको उनको भनाइ छ ।

विश्व बजारमा प्रतिस्पर्धा तीव्र भइरहेका बेला नेपालले आफ्नो मौलिकता, प्राकृतिक सम्पदा र आत्मीय आतिथ्यलाई बलियो ब्रान्डका रूपमा स्थापित गर्न खोजिरहेको वरिष्ठ अधिकृत रेग्मीले बताए । एकै गन्तव्य, अनेक अनुभवको अवधारणामार्फत अन्तरराष्ट्रिय यात्रुलाई साहसिकता, आध्यात्मिक शान्ति र सांस्कृतिक गहिराइको समग्र अनुभव दिने दीर्घकालीन रणनीति बोर्डले अघि बढाएको जनाएको छ ।

आइटिबी बर्लिनमा २५ वटा नेपाली कम्पनीहरूको सहभागितामार्फत अन्तर्राष्ट्रिय ट्राभल एजेन्सी, उद्योग व्यवसायी तथा सञ्चारमाध्यमसँग नयाँ साझेदारी विस्तार गर्ने र नेपालको पर्यटन क्षेत्रका लागि थप अवसर सिर्जना गर्ने बोर्डको अपेक्षा छ । नेपालले विश्वभरका यात्रुलाई आफ्नो अतुलनीय सौन्दर्य, समृद्ध संस्कृति र आत्मीय आतिथ्य अनुभवका लागि नेपाल घुम्न आउन पनि बोर्ड सबैलाई आह्वान गरेको छ ।

# सार्वजनिक बिदा धेरै हुँदा निजी क्षेत्र आजित

**काठमाडौं/मस–** आम निर्वाचनको आसपासमा करिव एक साता बिदा पऱ्यो । सरकारले फागुन २० देखि २२ गतेसम्म तीन दिन सार्वजनिक बिदा निर्वाचनका लागि दियो । त्यसअघि  फागुन १८ गते सोमवार ५६ वटा जिल्लामा र १९ गते तराईका २१ जिल्लामा फागु पूर्णिमाको बिदा भयो । यस्तै २३ गते शनिवार पऱ्यो। यस आधारमा एक साता सार्वजनिक बिदा भयो। अझ महिलाहरुका लागि फागुन २४ गते नारी दिवसको बिदा छ ।

करिव ८० दिन भन्दा बढी २०८२ मा दिने निर्णय गरेको सरकारले आगामी २०८३ सालमा शनिवार र विभिन्न चाडपर्व, जयन्तीलगायत गरी १०९ दिन सार्वजनिक बिदा दिँदैछ । कतिपय दिन देशभर र कतिपय दिन सम्बन्धित क्षेत्र र समुदायका लागि बिदा तोकिएको छ । सरकारले आठ प्रकारका बिदा निर्धारण गरेको छ। जसअन्तर्गत २०८२ मा शनिवार ५२ दिन सार्वजनिक बिदा तय गरिएको छ। त्यस्तै, पर्व बिदा सबैले पाउँछन् ।

महिला कर्मचारी, शिक्षण संस्था, जात्रा, दिवस, अपांगता भएका कर्मचारी, जयन्ती र दिवसमा कतिपय देशभर र कतिपय सम्बन्धित क्षेत्र तथा समुदायका व्यक्तिका लागि बिदा निर्धारण गरिएको छ । यससँगै विदेशस्थित नेपाली नियोगले सम्बन्धित मुलुकको बिदालाई समेत ध्यानमा राखेर १८ दिनसम्म सार्वजनिक बिदा आफैँले व्यवस्थापन र समायोजन गर्न पाउँछन् । प्रदेश र स्थानीय सरकारले पनि आआफ्नो क्षेत्रको धर्म, संस्कृतिका आधारमा थप ६ दिन सार्वजनिक बिदा दिन पाउँछन् ।

यसरी अत्याधिक सार्वजनिक बिदाले निजी क्षेत्र आजित बन्न थालेको छ। सार्वजनिक विदाका कारण मजदुरहरू काममा नआउने, सरकारी कामहरु समेत नहुँदा समस्या पर्न थालेको निजी क्षेत्रका अगुवाहरुले बताउन थालेका छन्। नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले




सार्वजनिक विदाहरू अत्याधिक हुँदा काममा असर पर्न थालेको बताए ।

उनका अनुसार भुगोल र जनसंख्याको हिसावले नेपाल सानो भएपनि सार्वजनिक बिदा दिन प्रचलन बढी हुँदा यसको असर काममा पर्न थालेको छ। हरेक समुदायका सबैले बिदा प्राप्त गर्दा नेपालमा काम गर्ने दिन भन्दा सार्वजनिक विदा धेरै हुन थालेको उनको भनाइ छ ।

अध्यक्ष सिंहले भने 'भुगोल र जनसंख्याको हिसावले नेपाल धेरै नै सानो छ । भारत र चीनभन्दा ३०/३५ गुणा जनसंख्याको आधारमा नेपाल सानो छ। सानो देशमा धेरै नै विविधता छ। त्यो विविधताको सम्मान गर्नुपर्छ। तर, त्यो सम्मान गर्दै गर्दा मुलुकको अर्थतन्त्र संकुचनमा ल्याउने, मुलुकको जीडीपी, आर्थिक वृद्धिलाई घटाउने र हाम्रो प्रगतिलाई बाधा गर्नेगरी धेरै सार्वजनिक बिदा हुने गरेको छ। जुन समुदायलाई बिदा दिनुपर्ने हो त्यो समुदायलाई मात्रै अब बिदा दिनुपर्छ । हरेक समुदायका सबैले बिदा प्राप्त गर्दा नेपालमा काम गर्ने दिन भन्दा सार्वजनिक बिदा धेरै भइरहेको छ। धेरै भाषाभाषी संस्कृति छौँ बिदा दिएर मात्रै मनाउने भन्ने हुँदैन । शहीद दिवसका दिन पनि बिदा दिइन्छ । बिदा दिन जरुरी छैनन् । अब काम गरेर कार्यक्रमहरु पनि गर्दै जानुपर्छ। बिदाहरूका कारण मुलुकको विकाससँगै अर्थतन्त्रलाई पछाडि धकेलिरहेका छौँ । बिदाका कारण सरकारी कार्मचारी घर बसदिँदा निजी क्षेत्रले ठूलो क्षति व्यहोर्नुपरिरहेको छ। निर्माण क्षेत्रमा केही काम सार्वजनिक बिदामा भएपनि धेरै मजदुरले हामीले चाडपर्व मान्नुपदैन भनेर भन्ने गरेका छन् । त्यसले पनि समस्या पार्ने गरेको छ ।'

बिदाहरूका कारण मुलुकको विकाससँगै अर्थतन्त्रलाई पछाडी धकेलिरहेको बताउँदै उनले विदाका कारण सरकारी कार्मचारी घर बसदिँदा निजी क्षेत्रले ठूलो क्षति व्यहोर्नु परिरहेको उनले बताए । निर्माण क्षेत्रमा सार्वजनिक विदाहरुले काम गर्न धेरै कठिन भइरहेको उनको भनाइ छ।

# व्यावसायिक कफीखेतीमा भोजपुरका किसान

**भोजपुर/मस–** केही समयअघिसम्म सामान्य कफीका बोट हुने भोजपुरमा अहिले यसको व्यावसायिक खेती सुरु भएको छ । बजारसम्मको पहुँच स्थापित भएपछि यहाँका किसान व्यावसायिक कफी गर्न थालेका हुन् । अहिले यहाँका किसानको आयआर्जनको मुख्य माध्यम यही बनेको छ। उत्पादन भएको कफी घरबाटै बिक्री हुन थालेपछि किसानलाई बजार खोज्नुपर्ने झन्झट कम भएको छ भने आम्दानीसमेत बढेको छ ।

जिल्लाका हतुवागढी गाउँपालिकाका सिन्द्राङ, होम्ताङ, लुङ्गिन र लुङ्थुङ, रामप्रसादराई गाउँपालिकाका खोक्सिक, आमचोक गाउँपालिका, पौवादुङमा गाउँपालिका तथा षडानन्द नगरपालिकालगायत क्षेत्रका किसानले कफी खेती विस्तार गर्दै आएका छन्। यी क्षेत्रको माटो, हावापानी र भौगोलिक बनावट कफी उत्पादनका लागि उपयुक्त मानिन्छ ।

कफीखेती विस्तारका लागि संघीय सरकारको विशेष अनुदान तथा किसानको लागत साझेदारीमा चालु आर्थिक वर्षमा करिब तीन करोड ३० लाख बराबरको कार्यक्रम सञ्चालन भइरहेको सुरेन्द्रकुमार उदासले जानकारी  दिए ।

उनका अनुसार कफीका लागि उपयुक्त क्षेत्रको पहिचान गरी योजनाबद्ध रूपमा खेती विस्तार भइरहेको छ । नगरपालिकाका सबै १४ वटै वडामा कफीखेती प्रवर्द्धन कार्यक्रम सञ्चालनमा रहेका छन् ।

रामप्रसादराई गाउँपालिका–८ खोक्सिकामा किसानले २२ रोपनी क्षेत्रफलमा सामूहिक कफीखेती सुरु गरेका छन्। मकै, आलुजस्ता परम्परागत बालीमा निर्भर किसान अहिले आयमूलक तथा निर्यातमुखी खेतीतर्फ उन्मुख भएका हुन् । खोक्सिका कफीखेतीका लागि उपयुक्त भूगोल भएको र अन्य बालीको तुलनामा कफीबाट राम्रो आम्दानी लिन सकिने स्थानीय कृषक मनोज राईले बताए ।

यहाँ उत्पादन भएको कफी धरान, इटहरी, विराटनगर र काठमाडौं हुँदै विदेशसम्म निर्यात हुने गरेको स्थानीय कफी व्यवसायीको भनाइ छ। विशेषगरी अर्गानिक कफीको अन्तरराष्ट्रिय बजारमा राम्रो माग रहेको बताइएको छ ।

पछिल्लो समय किसान व्यावसायिक खेतीमा जुटेसँगै उत्पादनसमेत वृद्धि भएको कफी बिक्रेता सुनील श्रेष्ठले जानकारी दिनुभयो । राम्रोसँग फलेको कफीको एक बोटबाट २५ देखि ३० केजीसम्म उत्पादन लिन सकिने किसानको अनुभव छ । खेती विस्तार बढेसँगै यहाँबाट निर्यात हुने कफीको मात्रा पनि वृद्धि हुँदै गएको उनको भनाइ छ।

कफीखेतीको विस्तारले किसानको आम्दानी वृद्धि हुनुका साथै जिल्लाको कृषि अर्थतन्त्रलाई सुदृढ बनाउने स्थानीय जानकारको भनाइ छ ।

# डोङफेङ 'नामी' इभीका लागि एक्स्टेन्डेड वारेन्टी घोषणा

**काठमाडौं/मस–** नेपालका लागि डोङफेङ नामी इलेक्ट्रिक सवारी साधनको आधिकारिक आयातकर्ता तथा वितरक एमएडब्लु वृद्धि मोटर्स प्रालिले नामी बक्स र नामी भिगोका लागि 'एमएडब्लु वृद्धि एक्टेन्डेड वारेन्टी कार्यक्रम' सार्वजनिक गरेको छ ।

डोङफेङका इभी सवारी साधनहरूमा ब्याट्री र मोटरमा ८ वर्ष वा २ लाख किलोमिटर (जुन पहिले आउँछ) को स्ट्यान्डर्ड उत्पादक वारेन्टी उपलब्ध छ । अब एमएडब्लु वृद्धिको एक्टेन्डेड वारेन्टी कार्यक्रम मार्फत ग्राहकहरूले ब्याट्री र मोटरमा कुल ११ वर्ष वा २ लाख ५० हजार किलोमिटर (जुन पहिले आउँछ) सम्मको वारेन्टी कभरेज प्राप्त गर्ने जनाइएको छ ।




यो एक्टेन्डेड वारेन्टीले नेपालमा भरपर्दो र ग्राहक–केन्द्रित ईभी इकोसिस्टम निर्माण गर्ने एमएडब्लु वृद्धिको प्रतिबद्धतालाई थप मजबुत बनाएको छ । 'हाम्रो हरेक कार्यको केन्द्रमा ग्राहकहरू हुनुहुन्छ', एमएडब्लु वृद्धि मोटर्सका प्रबन्ध निर्देशक विवेक सिकारियाले भने, 'यो एक्टेन्डेड वारेन्टी नामीका ग्राहकहरूका लागि थप मानसिक शान्ति, स्वामित्वको आत्मविश्वास र सुरक्षित ईभी अनुभव सुनिश्चित गर्ने दिशामा अर्को महत्वपूर्ण कदम हो ।'




प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः  भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**